नजर हमर

राष्ट्रिय दैनिक

# मधेशदृष्टि

Madheshdristi National Daily

www.emadheshdristi.com

मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9808835198
9802592799
9803474311
9854028218

## जसपा नेपालमा उपाध्यक्ष र महासचिव थपिने

**मधेशदृष्टि**
**काठमाडौँ ।**
जनता समाजवादी पार्टी (जसपा) नेपालको केन्द्रीय समितिमा उपाध्यक्ष, महासचिवसहित सात कार्यकारिणी थपिने भएका छन् । काठमाडौँमा जारी बैठकमा अध्यक्ष उपेन्द्र यादवले कार्यसमितिमा पदाधिकारी र कार्यकारिणी थपको प्रस्ताव पेश गरेका हुन् । केन्द्रिय समितिमा एक उपाध्यक्ष, एक महासचिव र सात कार्यकारिणी सदस्य थपिने जनाइएको छ । दलित, महिला, मुस्लिम र खुला ७ सदस्य थपिन लागिएको हो ।

जसपा नेपालमा अब ६ उपाध्यक्ष, ३ महासचिव, ४२ कार्यकारिणी सदस्यीय हुनेछ । यस्तै, केन्द्रीय समिति अध्यक्ष, सहअध्यक्ष, महासचिव, प्रदेश समिति अध्यक्ष र केही केन्द्रीय सदस्य राखेर संघीय संसदीय बोर्ड पनि बनाइने भएको छ ।

वर्ष ३ • अंक ३२७ • २०८२ साल कार्तिक २० गते बिहीबार • Thursday 06, November 2025 • सूर्योदय: बिहान ०६:१८ बजे • सूर्यास्त: साँझ ५:१९ बजे • पृष्ठ ८ • मूल्य रु. ५/-

## मधेशकै शानः

# कमलामा कार्तिक स्नान





**मधेशदृष्टि**
**जनकपुरधाम ।**
सिरहा र धनुषाको सीमा भएर बग्ने कमला नदीमा कार्तिक पूर्णिमाका अवसरमा लाग्ने कार्तिक स्नानका लागि बुधबार बिहानैदेखि भक्तजनको भीड लागेको थियो । धार्मिक मान्यताअनुसार कमला नदीमा स्नान गर्दा 'भूत–प्रेत' हट्ने विश्वास छ । यही विश्वासका कारण विभिन्न जिल्लाका श्रद्धालु नदीमा स्नान गर्न आइपुगेका हुन् ।

नदी क्षेत्रको इनर्वा, ब्यारेज, कमला पुल, सिक्रौन, चतरी, बेलहा, बडेर्वा, पटेर्वा, बसबिट्टा र सीमावर्ती भारतको जयनगरसम्म बिहानैदेखि भक्तजनको ठूलो भीड लागेको छ । प्रत्येक वर्षजस्तै यस वर्ष पनि उदयपुर, सप्तरी, सिरहा, धनुषा, सर्लाही, महोत्तरी, रौतहट तथा भारतको बिहारसम्मका श्रद्धालु कमला स्नानका लागि आएका छन् । स्थानीय निकायले मेलाले धार्मिक एकता, सामाजिक सद्भाव र पर्यटन प्रवद्र्धनमा सहयोग पुर्‍याउने विश्वास व्यक्त गरेका छन् ।

सिरहा नगरपालिका, कल्याणपुर नगरपालिका, कर्जन्हा नगरपालिका र विष्णुपुर गाउँपालिकाले मेलाका दिन स्थानीय बिदा दिएका छन् । स्थानीय तहहरूले पूर्णिमा स्नान र 'भूत मेला' (देवता मेला) को धार्मिक परम्पराको संरक्षण तथा सहभागिताको लागि बिदा दिएको जनाएका छन् ।

मेलाको समयमा नदी किनारमा भजन–कीर्तन, नृत्य र विभिन्न धार्मिक कार्यक्रम आयोजना भएका थिए । मेलालाई जिल्लाको प्रमुख धार्मिक धरोहरका रूपमा मानिन्छ । कार्तिक स्नान मधेशकै सभ्यता र शानका रुपमा विकसित भएको छ ।



धामीझाँक्री भेला

प्रत्येक वर्षजस्तै यसवर्ष पनि कार्तिक पूर्णिमाका अवसरमा वर्षभर सिकेका गुण सिद्धीका लागि धामीझाँक्री पनि नदीमा स्नानका लागि भेला भएका थिए । मेलामा धनुषा, सिरहा र भारतको सीमाक्षेत्रबाट कमला नदी किनारमा धामीझाँक्री भेला हुने गर्दछन् । धामीझाँक्री मेलामा सर्वसाधारणसमेत सहभागी हुने गर्छन् । उनीहरु स्नानपछि भूतप्रेत हट्छ भन्ने मान्यताअनुसार धामी झाँक्रीको आदेश अनुसार काम्दै कमलास्नान गर्न आउने गछन् ।

पहेँलो धोती र सारीमा सजिएका नवधामीझाँक्रीहरू)ले हातमा बेतको छडी घुमाउँदै, कर्कश स्वरमा मन्त्रोचारण गर्दै जप्दै पैदल यात्रा गर्दै नदी किनारमा पुग्ने गर्दछन् । बुधबार बिहान सूर्योदयसँगै हजारौँ नवधामीझाँक्रीहरूले कमला नदीमा पवित्र स्नान गर्दै शक्ति प्राप्ति अनुष्ठान पूरा गरेका छन् । महोत्तरी, गौशाला–१ का धामी गुरु मोहन महतोका अनुसार, कात्तिक शुक्ल पूर्णिमाका दिन भूत–बैतालरदेव–देवीहरूला ई गुह्य रूपमा साधना गरी आफूलाई शुद्धीकरण गर्नसकिन्छ ।

विजयादशमीदेखि सक्रिय भएका धामीझाँक्रीहरूले आश्विन अमावस्यासम्म गुरुबाट मन्त्र सिकेर कालीपूजाका दिन साधना पूरा गर्ने र त्यसपछि कात्तिक पूर्णिमामा देवतालाई स्थायी बासका लागि निम्तो दिने प्रथा रहेको स्थानीय बताउँछन् । महोत्तरी, धनुषा, सर्लाही, सिरहा, सप्तरी, बारा, पर्सा, सुनसरी, मोरङ तथा भारतका सीमावर्ती गाउँहरूबाटसमेत घण्टी, ढोल, लाठी र घुँघरू बजाउँदै नदीतर्फ आएका धामीझाँक्रीहरूको रौनकले कमला घाटको माहोल धार्मिकमय देखिन्छ ।

मंगलबार साँझदेखि नै धामी, भक्तजन र सर्वसाधारण घरको कुलदेवता खेलाउँदै कमला नदी किनारमा भेला भएका थिए । गंगाको स्वरूप मानिने कमला नदीमा यो मेला तान्त्रिकसंस्कृति, धार्मिक आस्था र स्थानीय लोकमान्यताको अद्वितीयसंगमका रूपमा मानिन्छ । सांस्कृतिक पहिचानसंरक्षणका लागि पनि मेलाले महत्वपूर्ण भूमिका खेलेको छ ।

पछिल्लो समयम केहीले यस परम्परालाई अन्धविश्वासको रूपमा व्याख्या गरे पनि स्थानीय समुदायले यसलाई आस्था र परम्पराको प्रतीकका रूपमा मनाउँदै आएका छन् । मेलामा सिरहा, धनुषा, महोत्तरी, सप्तरी, उदयपुर साथै भारतका सीमावर्ती मधुवनी, दरभंगा, समस्तीपुरलगायत जिल्लाबाट श्रद्धालु कमला नदीमा स्नान गर्न आउने गरेका छन् । मिथिला क्षेत्रमा पुरानै समयदेखि तन्त्र– साधनाप्रति सर्वसाधारणको विश्वास रहिआएको पाइन्छ । यसको वैज्ञानिक प्रमाण छैन, तर यो अन्धविश्वास होइन, लोक आस्था र धार्मिक संस्कृतिको जीवित प्रतीक हो ।

मुख्यतः ग्रामीण भेगका महिला–पुरुषहरूले आफ्नो परिवारमा कुनै अनिष्ट वा बाधा हटाउन, रक्षाको कामना गर्न तथा तान्त्रिक सिद्धि प्राप्त गर्ने उद्देश्यले यो परम्परा निरन्तर रूपमा पालन गर्दै आएका छन् ।

## रौतहटमा पनि स्नान

कार्तिक पूर्णिमाको अवसरमा रौतहटका विभिन्न नदी–खोलामा स्नान गर्न जाने भक्तजनको भीड देखिएको छ ।

बुधबार बिहानैदेखि जिल्लाको पूर्वी भेगस्थित बागमती नदी, पश्चिमतर्फको लालबकैया नदी लगायतका खोलानालामा महिला–पुरुष, बालबालिका र वृद्ध स्नान गर्न जुटेका छन् ।

पौराणिक विश्वास अनुसार कार्तिक पूर्णिमाको दिन नदीमा स्नान गरे पुण्य प्राप्त हुने र मनोकामना पूरा हुने जनविश्वास रहेको छ । त्यसैले बिहानैदेखि भक्तजनहरू फूल, धूप, दीप र अरू पूजा सामग्री लिएर नदी किनारमा पुगेका थिए । स्नानपछि भक्तजनले नदी किनारमै दीपदान र पूजा गरी परिवारको सुख, शान्ति र समृद्धिका लागि प्रार्थना गरेका थिए ।

## मधेश प्रदेश सभा बैठक आह्वान

# मुख्यमन्त्रीले विश्वासको मत लिने

**वीरेन्द्र रमण**
**जनकपुरधाम ।**
मधेश प्रदेश सभाको बैठक कात्तिक २२ गते १ बजेका लागि आह्वान गरिएको छ । सभामुख रामचन्द्र मण्डलले दिउँसो १ बजेका लागि बैठक आह्वान गरिएको र त्यसमा मुख्यमन्त्री जितेन्द्र प्रसाद सोनार (सोनल)ले विश्वासको मत लिने जानकारी दिए ।

बुधबार मधेश प्रदेशका मुख्यमन्त्री जितेन्द्र प्रसाद सोनार (सोनल) विश्वासको मत लिने वातावरण मिलाइदिन प्रदेशसभामा पत्र पठाएका थिए । उनले कात्तिक २२ गते नेपालको संविधानको धारा १६८ को उपधारा (४) बमोजिम प्रदेश सभाबाट विश्वासको मत लिने भएकाले विश्वासको मत लिने वातावरण मिलाइदिन सचिवलाई अनुरोध गर्दै पत्र पठाएका हुन् ।

अल्पमतमा परेपछि मुख्यमन्त्री पदबाट सतिश कुमार सिंहले राजीनामा दिएपछि पाँच दलको ५६ जना प्रदेशसभाको समर्थनमा सोनल मुख्यमन्त्री नियुक्त भएका हुन् । तत्कालीन मुख्यमन्त्री सिंहले राजीनामा दिएपछि प्रदेश प्रमुख सुमित्रा सुवेदी भण्डारीले नेपालको संविधानको धारा १६८ को उपधारा (२) बमोजिम नयाँ सरकार गठनका लागि आह्वान गर्दा सोनललाई मुख्यमन्त्रीमा नियुक्त गर्न पाँच दलले दाबी पेश गरेका थिए ।

सोनललाई मुख्यमन्त्री बनाउन उनको पार्टी लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) नेपाल, जनता समाजवादी पार्टी नेपाल, जनमत पार्टी, नेकपा माओवादी केन्द्र र नेकपा एकीकृत समाजवादी पार्टीले दाबी पेश गरेका थिए ।

सरकारमा दाबी गर्ने समय पाँच दल रहे पनि अहिले सोनलको नेतृत्वको सरकारलाई नागरिक उन्मुक्ति पार्टी र रिजवान अन्सारीको नेपाल संघीय समाजवादी पार्टीले समेत समर्थन गरेका छन् । दुई पार्टीले समर्थन गरेपछि सोनल सरकारलाई ५७ मत पर्ने देखिन्छ । १ सय ७ सदस्यीय प्रदेश सभामा हाल १ सय ४ जना प्रदेशसभा कायम छन् । सोनल नेतृत्वको सरकारले विश्वासको मत पाउन प्रदेशसभामा कायम रहेको सदस्यको बहुमत सदस्यको समर्थनको आवश्यक पर्छ ।

सरकारमा सहभागी रहेका जसपा नेपालका १८, जनमत पार्टीका १३, माओवादी केन्द्रका ९, लोसपाका ८, नेकपा एकीकृत समाजवादी पार्टीका ७ र नागरिक उन्मुक्ति पार्टीका तथा नेपाल संघीय समाजवादी पार्टीका १– जना प्रदेश सभा सदस्य छन् । नेकपा एकीकृत समाजवादी र नेकपा माओवादी केन्द्र एकता हुँदा समाजवादी र माओवादीका कुनै पनि सांसद रुष्ट देखिएका छैनन् । यस्तै, जनमतले दाबी गर्ने बेला आफ्ना १३ सदस्य भनेकामा पूर्वमुख्यमन्त्री सतिशकुमार सिंह र त्रिभुवन साह जनमत फुटेर बनेको नयाँ पार्टीमा खुले पनि अदालतले जनमतका पक्षमा आदेश दिएकाले सरकार बनुन्जेल १३ नै रहने देखिएको छ । यसैले अहिलेसम्म मुख्यमन्त्री सोनल बहुमतमा देखिएका छन् । गठबन्धनको कात्तिक १२ गते बसेको बैठकले सरकारभन्दा बाहिर रहेको सबैभन्दा ठूलो दल नेकपा एमाले र दोस्रो ठूलो दल नेपाली कांग्रेससँग समेत विश्वासको मत माग्ने निर्णय गरेको थियो ।

मुख्यमन्त्री सोनलले नियुक्त भएको दोस्रो दिन असोज ३० गते दुई जनालाई विनाविभागीय मन्त्रीमा नियुक्त गरे पनि उनीहरुलाई जिम्मेवारी दिएका छैनन् भने विश्वासको मत पाइसकेपछि मन्त्रिपरिषद् विस्तार गर्ने उनको तयारी छ ।

## सिख समुदायले मनाए

# गुरुनानक जन्मजयन्ती

**मधेशदृष्टि**
**वीरगंज ।**
बारा तथा पर्सामा बसोबास गर्ने सिख समुदायले आफ्ना गुरु नानकको जन्मजयन्ती भव्य रूपमा मनाएका छन् । पाँच दिनअघि शुरु भएको भजन–कीर्तन, गुरु वाणी पाठ र प्रभातफेरीसहित बुधबार जन्मजयन्ती समापन भएको छ । समापनमा वीरगंजको पावरहाउस चोकमा रहेको गुरुद्वाराबाट निकालिएको शान्ति ¥यालीले नगरपरिक्रमा गरेको थियो । नगर परिक्रमाको क्रममा गुरुदेवको जयजयकार गर्दै शिख समुदायका सैयौँ व्यक्तिहरूले धर्म, सेवा र एकताको सन्देश दिएका थिए ।

सिख समाजका अगुवा वीरगंजको जिएचपी स्कुलकी प्रधानाध्यापक रोमी कौरले 'गुरु नानक जयन्तीले सिख समुदायमा एकता, समानता र सेवाभाव जगाउने महत्वपूर्ण अवसर प्रदान गर्ने बताइन् । उनले गुरु नानक देवलाई महान् कवि, भक्त र आध्यात्मिक मार्गदर्शकका रूपमा स्मरण गर्दै उहाँका सन्देशलाई आत्मसात् गर्न सबैलाई आग्रह गरिन् ।

इतिहासमा गुरु नानक देवको योगदान अनुपम रहेको उल्लेख गर्दै सिंहले सन् १६९९ मा शुरु गरिएको 'खाल्सा पन्थ' लाई सिख धर्मको आत्मा र गौरवको प्रतीकका रूपमा व्याख्या गरिन् ।

वीरगंजमा साढे चार सय सिख परिवारको बसोबास छ । जन्मजयन्ती समारोहमा वीरगंजका साथै भारतको रक्सौल क्षेत्रबाट आएका श्रद्धालु र विभिन्न धर्म समुदायका प्रतिनिधिको उल्लेखनीय सहभागिता थियो । समारोहमा भजन–कीर्तन, गुरु वाणी बाचन तथा सामूहिक भोजनको व्यवस्था गरी भक्तिभावपूर्ण रुपमा कार्यक्रम समापन गरिएको थियो ।

## दशौँ राष्ट्रिय खेलकुद फागुन पहिलो साता

**काठमाडौँ ।**
दशौँ राष्ट्रिय खेलकुद आगामी फागुन पहिलो साता हुने भएको छ । राष्ट्रिय खेलकुद परिषद् (राखेप) का अध्यक्ष युवा तथा खेलकुदमन्त्री बब्लु गुप्ताको अध्यक्षतामा बुधबार बसेको १ सय २३ औँ बोर्ड बैठकले कर्णाली प्रदेशमा हुने दशौँ राष्ट्रिय खेलकुद फागुन १ देखि ७ गतेसम्म निर्णय गरेको हो ।

बैठकले नेपाललाई पहिलो अन्तरराष्ट्रिय पदक दिलाउने पूर्वधावक जीतबहादुर केसीलाई २५ लाख रुपैयाँ नगद पुरस्कार दिन मन्त्रिपरिषद्मा सिफारिस गर्ने निर्णयसमेत गरेको छ । त्यस्तै लामो समयदेखि राष्ट्रिय प्रतियोगिता नगर्ने राष्ट्रिय खेल सङ्घलाई तीन महिनाभित्र राष्ट्रिय प्रतियोगिता गर्न निर्देशन दिने, राष्ट्रिय खेल सङ्घ आफैँले घोषणा गरेको खेलाडीको सुविधा र पुरस्कार १५ दिनभित्र सम्बन्धित खेलाडीलाई उपलब्ध गराउन निर्देशन दिने, खेल सङ्घले वैदेशिक भ्रमणसम्बन्धी प्रतिवेदन राखेपमा पेश गर्न निर्देशन दिनेलगायतको निर्णय गरेको छ ।

राखेपका सदस्य–सचिव टङ्कलाल घिसिङले सहजीकरण गरेको बैठकमा राखेपका उपाध्यक्ष ध्रुव आचार्य, खेलकुद मन्त्रालयका सचिव डा हरिप्रसाद लम्साल, बोर्ड सदस्यलगायतको उपस्थिति रहेको थियो ।

# म्याद गुज्रेका भ्याक्सिन वितरण ?

**मधेशदृष्टि**
**रौतहट ।**
चन्द्रपुर नगरपालिकामा बालबालिकालाई म्याद गुज्रिएको जापानी इन्सेफ्लाइटिस भ्याक्सिन वितरण गरिएको खुलासा भएपछि नियमित खोप अभियान रोकिएको छ । स्वास्थ्यजस्तो संवेदनशील क्षेत्रमा देखिएको लापरबाहीपछि अभिभावक र स्थानीय समाज आक्रोशित बनेका छन् । मंगलबार वडा नं. ९ मा सञ्चालन भइरहेको नियमित खोप अभियानक्रममा खोपको म्याद सकिएको पत्ता लागेपछि कार्यक्रम तुरुन्तै स्थगित गरिएको नगरपालिकाले जनाएको छ । वडाध्यक्ष नवराज देवकोटाका अनुसार खोप लगाउने तयारी भइरहेकै बेला भ्याक्सिनको म्याद गुज्रिएको फेला परेको हो । चन्द्रपुर नगरपालिकामा प्रत्येक महिनाको १८ देखि २२ गतेसम्म सञ्चालन हुने खोप कार्यक्रम यसपटक स्थगित गरिएको छ । नगरप्रमुख सञ्जयकुमार काफ्लेले अन्य वडामा पनि म्याद गुज्रिएको भ्याक्सिन पुगेको हुनसक्ने आशंका व्यक्त गर्दै सम्पूर्ण खोप कार्यक्रम रोक्ने निर्देशन दिएका छन् ।

# भूमिहीन र सुकुम्बासीहरुद्वारा विरोध प्रदर्शन

**मधेशदृष्टि**
**सर्लाही ।**
सरकारले भूमि आयोग खारेज गरेको निर्णयको विरोधमा बुधबार सर्लाहीमा भूमिहीन र सुकुम्बासीले विरोध प्रदर्शन गरेका छन् । जिल्ला भूमि अधिकार मञ्चको आयोजनामा सदरमुकाम मलंगवामा सैयौँ भूमिहीन तुलब्यानर र प्लेकार्डसहित सडकमा उत्रिए । मञ्चका जिल्ला अध्यक्ष भवानी घिमिरेको नेतृत्वमा भएको प्रदर्शनमा सहभागीले 'भूमि आयोग पुनःस्थापना गर', 'भूमिहीनलाई जग्गाधनी लालपुर्जा दे' लगायतका नाराबाजी गर्दै सरकारको निर्णय खारेज गर्न माग गरे । भूमि अधिकार मञ्च मधेश प्रदेश सदस्य जितबहादुर गोलेले प्रदर्शन शान्तिपूर्ण तर चेतावनीसहितको रहेको बताए । उनका अनुसार, 'सुकुम्बासी र भूमिहीनहरूमाथि भइरहेको अन्याय र विभेदको अन्त्यको माग गर्दै तथा जग्गाधनी लालपुर्जा पाउने आशा तोडिएको विरोधमा हामी सडकमा आएका हौँ ।' प्रदर्शनका क्रममा भूमिहीनले पाँच बुँदे मागसहितको ज्ञापनपत्र नापी कार्यालय सर्लाहीका प्रमुख संजय मानन्धरलाई बुझाएका छन् । ज्ञापनपत्रमा भूमि आयोग पुनःस्थापना, जग्गा वितरण प्रक्रिया निरन्तरता, भूमिहीन दलित र सुकुम्बासीका समस्या समाधान, आवासको ग्यारेन्टी र सरकारी निर्णय फिर्ता लिनुपर्ने माग समावेश गरिएको छ । अध्यक्ष घिमिरेले चेतावनी दिँदै भने, 'यदि सरकारले हाम्रो माग बेवास्ता गरे भूमिहीन र सुकुम्बासी अझ व्यापक आन्दोलनमा उत्रिन बाध्य हुनेछन् ।' सर्लाहीमा ६ हजार ४ सय ५९ भूमिहीन दलित र ८ हजार ७ सय ५२ भूमिहीन सुकुम्बासीले जग्गाधनी लालपुर्जाका लागि निवेदन दिएका छन् ।

# प्राङ्गारिक मलको प्रयोगले उर्वराशक्ति बढ्यो



**कञ्चनपुर ।**
शुक्लाफाँटा नगरपालिका–९ स्थित सामुदायिक पशुचौपाया व्यवस्थापन केन्द्रले किसानलाई प्राङ्गारिक मल वितरण गर्न थालेपछि माटोको उर्वराशक्ति वृद्धि हुनुका साथै कृषिजन्य उत्पादनमा सुधार देखिन थालेको छ । व्यवस्थापन केन्द्रमा रहेका पशुचौपायाबाट उत्पादित मल किसानलाई सहुलियत दरमा उपलब्ध गराउन थालेपछि माटोको उर्वराशक्ति र उत्पादनमा वृद्धि शुरु थालेको हो । शुक्लाफाँटा–९ का वडाध्यक्ष रमेशबहादुर ऐरेका अनुसार किसानलाई अहिले प्रतिट्याक्टर चार हजार ५०० रुपैयाँ मा प्राङ्गारिक मल उपलब्ध गराउने व्यवस्था गरिएको छ । 'किसानलाई रासायनिक मलको असर र प्राङ्गारिक मलका फाइदाबारे निरन्तर सचेतना दिइरहेका छौँ,' उनले भने, 'रासायनिक मलले माटोको गुणस्तर घटाउँछ भने प्राङ्गारिक मलले दीर्घकालीन रूपमा उर्वर बनाउँछ ।' पछिल्लो समय सचेतना फैलाउन थालेपछि प्राङ्गारिक मलको माग पनि बढिरहेको बताउँदै ऐरेले अहिले १५ देखि २० ट्याक्टर मल मौज्दात रहेको जानकारी दिए । उनका अनुसार पराल दिने किसानलाई निःशुल्क मल वितरणको व्यवस्था गरिएको छ । 'एक ट्याक्टर पराल ल्याउने किसानलाई सोही परिणाममा निःशुल्क मल दिन्छौँ,' वडाध्यक्ष ऐरेले भने, 'यसले पशुचौपायाका लागि परालको आपूर्ति सहज बनाएको छ भने केन्द्रलाई पराल खरिदमा लाग्ने खर्च पनि घटाएको छ ।' मल बिक्रीबाट प्राप्त रकम नगरपालिकाको सञ्चित कोषमा जम्मा गर्ने जनाउँदै उहाँले उक्त रकम वडाको पूर्वाधार विकासका क्षेत्रमा खर्च गरिने उल्लेख गरे । नगरपालिकाले छाडा पशुचौपायाको व्यवस्थापनका लागि स्थापना गरेको उक्त केन्द्रमा हाल करिब चार सयभन्दा बढी पशुचौपाया राखिएका छन् । चौपायाको चारो, घाँस, औषधोपचार, हेरचाह र हेरालाका लागि नगरपालिकाले खर्च व्यवस्थापन गर्दै आएको छ । पछिल्लो समय उत्पादनमा सुधार हुन थालेपछि किसानले पनि प्राङ्गारिक मलको फाइदा अनुभव गर्न थालेका आलुखेतीमा संलग्न लालबहादुर ऐरेले बताए । प्राङ्गारिक मलको प्रयोगपछि माटोको गुणस्तरमा सुधार आउनुका साथै विगतका वर्षको तुलनामा उत्पादन पनि बढेको उनको भनाइ छ । 'पाँच बिघामा आलुखेती गरेको बताउँदै उहाँले केन्द्रबाट ल्याइएको मल प्रभावकारी देखिएको महसुस भइरहेको धारणा राखे । 'पहिले रासायनिक मल प्रयोग गर्दा बाली राम्रो लाग्थ्यो, तर वर्षौंपछि माटोको गुणस्तरमा नकारात्मक असर पर्दै गयो,' किसान भागिराम चौधरीले भने, 'जबदेखि प्राङ्गारिक मलको प्रयोग गर्न थाल्यौँ, माटो फेरि जीवित जस्तो भएको अनुभूति गरेका छौँ ।' प्राङ्गारिक मलको प्रयोगले माटोको उर्वराशक्ति बढ्नुका साथै मानव स्वास्थ्य र वातावरणमा पनि सकारात्मक प्रभाव पार्ने नगरपालिकाका कृषि शाखा प्रमुख करनसिंह बुढा ऐरेले बताए । उनका अनुसार नगरपालिकाले दीर्घकालीन योजना बनाएर अभियानका रूपमा रासायनिक मलको प्रयोग घटाउने र वातावरणमैत्री कृषि प्रणालीलाई प्रोत्साहन गर्ने नीति लिएको छ ।रासस

# प्रकृतिलाई खुसी पार्न तोरन तार्ने चलन

**म्याग्दी ।**
मङ्गला गाउँपालिका–५ र बागलुङको ताराखोला गाउँपालिका–४ को सिमानामा रहेको तिनचुलेको बराह तालमा प्रकृतिलाई खुसी पार्न तोरन तारिएको छ । म्याग्दीको अर्मन र बागलुङको ताराखोलाका बासिन्दाहरुले गाउँबाट लगेको तोरणलाई बाजागाजा सहित समुन्द्री सतहदेखि दुई हजार नौ सय ३२ मिटर उचाईमा रहेको तिनचुलेको बराह ताल र शिवालय मन्दिर परिक्रमा गराएर विधिपूर्वक तानिएको हो । खेती किसानी र पशुपालन गर्ने स्थानीयबासीहरुले परापुर्वकालदेखि हरेक वर्षको कात्तिक शुक्ल पूर्णिमाका दिन प्रकृतिलाई खुसी पार्न सामुहिक रुपमा तोरण तार्ने चलनलाई यस वर्ष पनि निरन्तरता दिइएका धार्मिक पर्यटकीय क्षेत्र तिनचुले संरक्षण तथा प्रर्वद्धन समितिका सल्लाहकार भपिन्द्र घर्तीले बताए । 'कात्तिक पूर्णिमाका दिन तिनचुले बराह तालमा तोरन तारेमा गाउँमा अनिष्ट, प्राकृतिक विपद्, महामारी, रोगव्याधी नहुने र शिवालय मन्दिरमा पुजाआजा गरेमा मनोकाक्षा पुरा हुने जनविश्वास रहेको छ,' उनले भने 'चार वटा टोलबाट सामुहिक र भाकल पुरा भएकाले व्यक्तिगत रुपमा तोरण ल्याएर तार्ने चलन छ ।' बैकुण्ठ चर्तुदर्शीका साँझ गाउँगाउँबाट माझखर्कमा लगिने तोरनलाई त्यहाँ देखि डोलीमा चढाएर बाजा र भजनकिर्तन सहित बराहताल र शिवालय मन्दिर परिक्रमा गराई तान्ने चलन छ । शिवालय मन्दिर देखि बराहतालको पुर्वी छेउको रुखमा तोरन तान्ने गरिएको छ । बाबियोको डोरी बाटेर थरिथरिका फुलहरु गाँसेर तोरन बनाउने चलन छ । तोरन लिएर पुगेका भक्तजनहरु बैकुण्ठ चर्तुदर्शीको रात माझखर्कमा रहेको धर्मशालामा जाग्राम बसेर भजनकिर्तन गर्ने गर्छन् । यस वर्ष पाँच वटा तोरन तारिएको र करिब एक हजार जना भक्तजनले शिवालय मन्दिरमा पुजाआजा तथा दर्शन गरेका समितिका अध्यक्ष धनबहादुर घर्तीले जानकारी दिए । तोरन तार्न र पुजाआजाका लागि आएका भक्तजनहरुलाई समितिले निशुल्क प्रसाद र चिया वितरण गरेको थियो । ताराखोला, करिमेला, हिले, नागबेलीखोला, सिप, अर्गल, सिरकुम, निस्कोट, टिकावाङ, किमचौर, अर्मन, नेटा, बाबियाचौर, पिपलबोट लगायतका ठाउँबाट भक्तजन आएका थिए । माझखर्कबाट तिनचुलेतर्फ तोरन लैजानुअघि अन्धनिशान र छेलो फाल्ने प्रतियोगिता भएको थियो । पहलमान पहिचान गर्न गरिने थेलो फाल्ने प्रतियोगितामा बिजयी भएका टिकावाङका लालबहादुर पटेललाई पहलमान घोषणा गरिएको थियो । पटेललाई फेता गुटाएर काँधमा बोकेर मन्दिर र बराह ताल परिक्रमा गरिइएको थियो । म्याग्दी र बागलुङ दुवै तर्फबाट सडक र पदमार्गले जोडिएको तिनचुलेमा यातायातको सहज सुविधासँगै भक्तजनको आगमन बढेको समितिका सचिव पूर्णभद्र निउरेले बताए । ताराखोला, मङ्गला गाउँपालिका, गण्डकी प्रदेश सरकार र समुदायको सहकार्यमा तिनचुलेलाई धार्मिक पर्यटकीय गन्तब्य स्थलको रुपमा विकास गर्न पूर्वाधार निर्माणमा जोड दिएको उनले बताए । सिस्ने, गुर्जा, धौलागिरि, निलगिरि, अन्नपूर्ण र माछापुच्छ्रे हिमालको सम्मुखमा रहेका तिनचुले पर्यटकीय हिसाबले पनि सम्भावनायुक्त रहेको छ ।रासस

# आयुर्वेदिक उपचारमा बिरामीको आकर्षण



**कञ्चनपुर ।**
प्राकृतिक उपचार पद्धति प्रभावकारी हुन थालेपछि महेन्द्रनगरस्थित महाकाली आयुर्वेद औषधालयमा बिरामीको आकर्षण बढेको छ । आयुर्वेद चिकित्सा पद्धतिको प्रभावकारिता बढ्दै गएपछि आयुर्वेद उपचारमा विश्वास राखेर उपचार गर्न आउने बिरामीको चाप बढ्दै गएको महाकाली आयुर्वेद औषधालयका सूचना अधिकारी दीर्घबहादुर रावलले जानकारी दिए । उनले ग्यास्ट्रिक, बाथरोग, सुगर, प्रेसरलगायतका बिरामी उपचारका लागि आउने गरेको बताए । 'पछिल्लो समय अस्पतालमा सुगर, प्रेसर, ग्यास्ट्रिक र पञ्चकर्म सेवा लिन आउने बिरामीको संख्या बढेको छ,' उनले भने, 'अन्य ठाउँमा उपचार गराएर ठीक नभएका बिरामीहरु पनि यहाँ उपचारका लागि आउने गरेका छन् ।' उनले अस्पतालमा दैनिक ५० देखि ६० जना बिरामीहरु उपचारका लागि आउने गरेको बताए । अस्पतालले बिरामीलाई आवश्यकताअनुसार निःशुल्क रूपमा औषधि उपलब्ध गराउँदै आएको छ । आयुर्वेदिक औषधालयमा सेवा लिने बिरामीको चाप बढे पनि पूर्वाधार अभावले सेवा प्रवाहमा समस्या भएको अस्पतालले जनाएको छ । हाल अस्पतालले २०५२ सालमा निर्माण भएको जीर्ण भवनबाट सेवा प्रवाह गरिरहेको छ । 'बिरामीको चाप धेरै छ भौतिक संरचना नहुँदा समस्या भएको छ,' उनले भने, 'यस पटक भवन निर्माणका लागि प्रदेश सरकारबाट साढे चार करोड रुपैयाँ बजेट आएको छ ।' अस्पतालमा पूर्वकर्म र पञ्चकर्म सेवा लिने बिरामी धेरै आउने गरेको सूचना अधिकारी रावलले जानकारी दिए । औषधालयले दिने सेवा राम्रो भए पनि साँघुरो कोठामा उपचार गर्न जाँदा निकै सकस हुने गरेको सेवाग्राहीको गुनासो छ । 'मैले पञ्चकर्म सेवा लिएपछि स्वास्थ्यमा सुधार भएको छ यहाँको सेवा राम्रो छ,' स्थानीय गणेश भट्टले भने, 'अस्पतालको भवन जीर्ण छ उपचारका लागि साँघुरो कोठामा पर्दा लगाएर उपचार हुन्छ यसले असहज भएको छ ।' उनले अस्पतालमा सुविधा सम्पन्न भवन निर्माण भए यहाँका बिरामीलाई उपचारमा सुविधा हुने बताए । आयुर्वेदिक उपचारमा बिरामीको आकर्षण बढे पनि सरकारको प्राथमिकतामा नपर्दा भौतिक संरचना निर्माण हुन नसकेको स्थानीय बताउँछन् । 'स्वास्थ्यजस्तो संवेदनशील क्षेत्रलाई सरकारले बेवास्ता गर्नुहुँदैन सरकारले आयुर्वेदिक औषधालयमा भौतिक संरचना र जनशक्ति थप्नुपर्छ ।' यहाँका स्थानीय विष्णु दत्त पन्तले भने, 'आयुर्वेदिक उपचारमा अन्य औषधीभन्दा 'साइड इफेक्ट' पनि कम हुन्छ ।' औषधालयबाट ओपीडीमा स्वास्थ्य परीक्षण गरी निःशुल्क रुपमा औषधि दिने गरिएको छ । अस्पतालका अनुसार चालु आर्थिक वर्षको हालसम्म अस्पतालबाट १३ हजार ६३३ जनाले उपचार सेवा लिएका छन् । गत आर्थिक वर्षमा अस्पतालमा २६ हजार बिरामीले सेवा लिएका थिए ।रासस

# 'जाउँ है बेगनास पोखरा' सम्पन्न

**गण्डकी ।**
होटेल तथा रेष्टुरेन्ट एसोसिएसन, लेखनाथको आयोजना तथा नेपाल पर्यटन बोर्ड र पोखरा भ्रमण वर्ष–२०२५ को सहयोगमा यही कात्तिक १६ गतेदेखि पश्चिम नेपालमा सञ्चालन गरिएको 'जाउँ है बेगनास पोखरा' कायक्रम सम्पन्न भएको छ । पश्चिम नेपालको बुटवल, बर्दिया, सुर्खेतलगायत क्षेत्रलाई लक्षित गरी लेखनाथ क्षेत्रका पर्यटन व्यवसायी एवं पर्यटन सम्बद्ध ३७ सदस्यीय प्रतिनिधिमण्डलले पश्चिम नेपालका केही पर्यटन व्यवसायीसँग पर्यटन साझेदारी, पर्यटन प्रवद्र्धनलगायत विषयमा छलफल तथा अन्तरक्रिया गरेको हो । 'जाउँ है बेगनास पोखरा' कायक्रमअन्तर्गत बुटवल, बर्दिया, सुर्खेतलगायत जिल्लाका पर्यटन व्यवसायीसँग छलफल गरी टोली बुधबार पोखरा फर्किएको होटेल तथा रेष्टुरेन्ट एसोसिएसन, लेखनाथका अध्यक्ष वीरभद्र कँडेलले जानकारी दिए । आन्तरिक पर्यटन प्रवद्र्धनसँगै पर्यटकीय साझेदारी बढाउने उद्देश्यका साथ आयोजित कार्यक्रममा लुम्बिनी प्रदेशको बुटवल र बर्दियाको ठाकुरबाबा नगरपालिका तथा कर्णाली प्रदेशको उद्योग तथा पर्यटन मन्त्रालय सुर्खेतमा छुट्टाछुट्टै छलफल एवं अन्तरक्रिया गरिएको पोखरा भ्रमण वर्षका सहसंयोजक दामोदरभक्त थापाले जानकारी दिए । छलफलमा आफूहरुले लेखनाथ क्षेत्रमा रहेका रामसार सूचिमा सूचिकृत बेगनासताल, रुपातालगायत सात तालसहित यहाँका पर्यटकीय सम्भावनाबारे श्रव्यदृश्य सामाग्री प्रस्तुत गरी त्यहाँका पर्यटन व्यवसायी तथा सम्बद्ध अधिकारीलाई जानकारी गराइएको उनले बताए । 'कार्यक्रमका क्रममा ती ठाउँका पर्यटन व्यवसायीसँग पर्यटकीय साझेदारी गर्दै अघि बढ्ने विषयमा महत्त्वपूर्ण छलफल भएका छन,' उनले भने, 'कार्यक्रमले पर्यटन प्रवद्र्धनसँगै पर्यटकीय साझेदारीका विषयमा सकारात्मक नतिजा दिने विश्वास लिएका छौँ ।' बर्दिया राष्ट्रिय निकुञ्ज, सुर्खेतको काँक्रेबिहार, देउतीबज्यैको मन्दिर, बुलबुले तालगायत स्थानको प्रवद्र्धनात्मक भ्रमण गर्नुका साथै अनुभव आदानप्रदानसमेत गरिएको एसोसिएसनका महासचिव सुरेश लामिछानेले उल्लेख गरे ।रासस

# स्वास्थ्यमन्त्रीद्वारा महाशाखा प्रमुख हेरफेर

**काठमाडौं ।**
स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले विभिन्न महाशाखा प्रमुखहरूको जिम्मेवारी हेरफेर गरेको छ । मन्त्रालयसँग सम्बन्धित कामकाजलाई थप प्रभावकारी, चुस्तदुरुस्त र व्यवस्थित बनाउने उद्देश्यका साथ मन्त्रीस्तरीय निर्णयबाट उच्चतहका कर्मचारीको जिम्मेवारी हेरफेर गरिएको प्रवक्ता डा प्रकाश बुढाथोकीले जानकारी दिए । उनका अनुसार परिवार कल्याण महाशाखा, राष्ट्रिय स्वास्थ्य शिक्षा सूचना तथा सञ्चार केन्द्र, इपिडिमियोलोजी तथा सरुवा रोग नियन्त्रण महाशाखा (इडिसिडी) व्यवस्थापन महाशाखाका प्रमुखको जिम्मेवार हेरफेर भएको छ । मन्त्रिस्तरीय निर्णयबाट परिवार कल्याण महाशाखाको निर्देशकमा डा मदनकुमार उपाध्याय, राष्ट्रिय स्वास्थ्य शिक्षा सूचना तथा सञ्चार केन्द्रका निर्देशकमा डा राधिका थपलिया, व्यवस्थापन महाशाखाको प्रमुखमा केशव पण्डित र इडिसिडीको निर्देशक पदमा डा रोशन न्यौपानलाई सरुवा गरिएको छ । यसैगरी डा पवनजङ्ग रायमाझी उपचारात्मक सेवा महाशाखाको निर्देशकमा सरुवा हुनुभएको प्रवक्ता डा बुढाथोकीले जानकारी दिए ।रासस

# ५ रेल्वे र्‍याक युरिया मल आयात

**मधेशदृष्टि**
**वीरगंज ।**
गहुँसँगै अन्य हिउँदे बालीका लागि वीरगंज भन्सारनाका हुँदै एकसाथ ५ रेल्वे ¥याक युरिया मल नेपाल भित्रिएपछि भण्डारणमा समस्या भएको छ । हाल पाँचवटा ¥याकमा आइपुगेको मल आदित्य बिरला र आइपिएल कम्पनीले ल्याएका हुन् । आइपिएल र आदित्य बिरला कम्पनीले कृषि सामग्री कम्पनी र नेसनल टेड्रिङको समेत गरी ५५ हजार टन युरिया मल एकसाथ नेपाल ल्याएका हुन् ।
हाल मलको माग नरहेको भए पनि आगामी हिउँदमा गहुँ सँगै अन्य हिउँदे बालीका लागि युरिया मल उपयोगी हुने बताइएको छ । कृषि सामग्री कम्पनीले ग्लोबल टेन्डरमार्फत भित्र्याइरहेको युरिया मल नियमितरूपमा आउन थालेपछि वीरगंजस्थित सिर्सिया सुक्खा बन्दरगाहमा मल बोकेको रेल्वे ¥याकको चाङ लागेको छ ।
कृषि सामग्री कम्पनी वीरगंज प्रादेशिक कार्यालयका प्रमुख दुर्गाप्रसाद पाण्डेले ५ ¥याकमा गरी १२ हजार ५ सय टन मल रहेको र मल कम्पनीको गोदाममा व्यवस्थापन गर्न कठिनाइ भएको बताए । कम्पनीको वीरगंजस्थित आफ्नै परिसर, भुटनदेवी र नेसनल ट्रेडिङको गोदाम समेत गरी सबै गोदाम मलले भरिएकाले नयाँ आएको मलको व्यवस्थापनमा समस्या भएको उनले जानकारी दिए । हाल तीनवटै गोदाममा गरी २३ हजार ५ सय टन मल वीरगंजमै मौज्दात रहेकाले व्यवस्थापनमा समस्या भएको पाण्डेले बताए । हाल आइसकेको मललाई गोदाममा व्यवस्थापन नगरिए निरन्तर थपिँदै जाने र मलको व्यवस्थापनमा झनै समस्या आउने देखिएको छ ।

# हुलाकी राजमार्ग निर्माण माग्लै आन्दोलन

**मधेशदृष्टि**
**सर्लाही ।**
लामो समयदेखि निर्माण कार्य अधुरो रहँदै आएको सर्लाहीको हुलाकी राजमार्ग निर्माणको माग गर्दै युवाहरू सडकमा उत्रिएका छन् । मलंगवा नगर संरक्षण तथा सुधार समितिको अगुवाइमा बुधबार बिहान ७ बजेदेखि मलंगवा नगरपालिका–८ स्थित राजश्री चौकमा अनिश्चितकालीन बाटो बन्द गरि विरोध शुरु गरिएको हो ।
समितिका अनुसार ठेक्का सम्झौता भएको लामो समय बितिसक्दा पनि ठेकेदार कम्पनीले लापरबाहीपूर्ण व्यवहार गर्दै राजमार्ग निर्माणमा कुनै प्रगति नदेखाएपछि आन्दोलनको मार्ग रोजिएको हो । पटक–पटक जिल्ला प्रशासन कार्यालयको रोहवरमा जनप्रतिनिधि, स्थानीय निकाय र ठेकेदार कम्पनीबीच छलफल भए पनि ठेकेदारले काम अघि नबढाएपछि नागरिकहरू बाध्य भएर आन्दोलनमा उत्रिएको समितिको भनाइ छ ।
स्थानीयहरूका अनुसार अधूरो राजमार्गका कारण यातायातमा समस्या, धुलो–धुवाँको असर, र व्यापारिक गतिविधिमा मन्दी जस्ता समस्या वर्षौंदेखि झेल्दै आएका छन् । उनीहरूले तत्काल निर्माण कार्य अघि बढाउन सम्बन्धित निकायलाई दबाब दिँदै आन्दोलन निरन्तर चल्ने चेतावनी दिएका छन् ।

# झाडापखालाको रोकथाम प्रयास जारी

**मधेशदृष्टि**
**सप्तरी ।**
छिन्नमस्ता गाउँपालिका–५ लोखरम मुसहर टोलमा फैलिएको झाडापखाला रोकथामका लागि प्रयास भइरहेको छ । झाडापखाला रोकथाम उन्मुख रहेको छिन्नमस्ता गाउँपालिकाको स्वास्थ्य शाखाले जनाएको छ । शाखाका प्रमुख दीपेन्द्र यादवका अनुसार झाडापखालाबाट प्रभावित ३२ जना मध्ये २६ जना निको भइसकेका छन् । ६ जनाको उपचार भइरहेकोमा अवस्था सुधारउन्मुख छ । झाडापखाला प्रभावितमध्ये ११ जनाको दिसाको नमूना परीक्षण गर्दा पाँच जनाको रिपोर्ट पोजेटिभ आएको छ । त्यहाँ केही दिनअघि एकै परिवारका तीन जनाले झाडापखालाका कारण ज्यान गुमाएका थिए । मुसहर बस्तीमा खानेपानी, शौचालय र सरसफाइको अवस्था कमजोर छ । धेरैजसो घरपरिवार खुला ठाउँमा शौच गर्छन् । खानेपानीका लागि एउटै चापाकलमा बस्तीका ५० घरधुरी आश्रित छन् । विपन्न यो बस्तीमा फोहोर व्यवस्थापन पनि चुनौतीपूर्ण छ । यसैबीच मधेश प्रदेशका विभिन्न जिल्लामा झाडापखालाका बिरामी बढ्न थालेपछि मुख्यमन्त्री जितेन्द्र सोनलले सम्बन्धित निकायलाई तत्काल नियन्त्रणका उपाय अवलम्बन गर्न निर्देशन दिएका छन् । मुख्यमन्त्री सोनलले संक्रमितको उपचारमा कुनै कमी हुन नदिन स्वास्थ्य सेवाको पहुँच विस्तार गर्न, पर्याप्त औषधि, परीक्षण उपकरण र आवश्यक स्वास्थ्य सामग्री तुरुन्त उपलब्ध गराउन सम्बन्धित निकायलाई निर्देशन दिए ।

# वीरगंज नाकाबाट ६८ करोडका इभी भित्रिए




**मधेशदृष्टि**
**वीरगंज ।**
देशको प्रमुख व्यापारिक प्रवेशद्वार वीरगंज नाकाबाट विद्युतीय सवारीसाधन (इभी) को आयात उल्लेखनीय रूपमा बढेको छ । चालु आर्थिक वर्षको पहिलो तीन महिनामा मात्रै यस नाकाबाट ६८ करोड ५ लाख रुपैयाँ मूल्य बराबरका दुई सय २९ विद्युतीय जिप, कार र भ्यान नेपाल भित्रिएका छन् ।
वीरगंज भन्सार कार्यालयका अनुसार ती सवारीसाधनको आयातबाट ४५ करोड ७२ लाख रुपैयाँ राजस्व संकलन गरिएको छ । गत आर्थिक वर्षको सोही अवधिमा भने १४ करोड ४९ लाख रुपैयाँ मूल्यका ९७ वटा मात्र इभी भित्रिएका थिए, जसबाट नौ करोड ११ लाख रुपैयाँ राजस्व उठेको थियो । पछिल्लो समय इन्धनबाट चल्ने सवारीसँगै इभीको माग तीव्र गतिमा बढेपछि यो नाकाबाट विद्युतीय सवारीको आयातमा पनि उल्लेख्य वृद्धि भएको भन्सार कार्यालयले जनाएको छ ।

# मानव र हात्तीबीचको द्वन्द्व कम गर्न समुदायस्तरमा सचेतना आवश्यक

**वीरगंज।**
मानव र हात्तीबीचकोद्वन्द्व कम गर्न समुदायस्तरमा सहअस्तित्वको सम्बन्धलाई कायम गर्दै अघि बढ्न जरुरी भएको सरोकारवाला निकायले औंल्याएका छन्।
कोल्हवी नगरपालिका र वाइल्ड केयर नेपालको संयुक्त आयोजनामा गरिएको 'मानव हात्ती सहअस्तित्व प्रशिक्षक सीप विकास कार्यशालाका वक्ताहरूले वनजङ्गल फँडानी, जङ्गली हात्तीको बासस्थान र आहारविहार लगायतको अभावको कारणले पनि दुवैबीच द्वन्द्व बढ्दै गइरहेकोमा चिन्ता व्यक्त गरेका छन् । कोहल्वी नगरपालिका प्रमुख रामप्रसाद चौधरीले मानव र हात्तीबीचको द्वन्द्व चर्काउने भन्दा पनि कम गर्नेतर्फ अघि बढ्न जरुरी भएको बताए।
'कोहल्वी नगरपालिकाको धेरै वडा जङ्गली हात्तीबाट प्रभावित रहँदै आइरहेका छन्,' उनले भने, 'मानव र हात्ती दुवै प्रकृतिका अनुपम चिज भएकाले दुवैको सहअस्तित्वलाई स्वीकार गरेर अघि बढ्न जरुरी रहेको छ । त्यसैले नगरपालिकाले पनि सोतर्फ ध्यान दिइरहेको छ।'
लाइफ ट्रष्ट इन्डियाका निर्देशक डा बिए ड्यानियलले हात्ती र मानवबीचको सम्बन्ध निकै जटिल प्रकृतिको भएकाले पनि मान्छेले हात्तीको आनीबानीलाई हेरेर व्यवहार गर्नुपर्ने बताए। 'पछिल्लो समय विश्वमा हात्तीको संख्या अस्वाभाविक रूपमा घटिरहेको छ। घट्नुमा मानव र हात्तीबीचको द्वन्द्व पनि प्रमुख कारण रहेको छ,' उनले भने, 'भविष्यका पुस्तालाई हात्ती देखाउनको लागि पनि मानव र हात्तीबीचको सहअस्तित्वलाई अघि बढाउँदै लैजान जरुरी छ ।'
उनका अनुसार वनजङ्गलको जभा दुवैबीच द्वन्द्व बढेकाले सोलाई न्यूनीकरण गर्न सहअस्तित्वलाई ध्यान दिनु जरुरी छ । निर्देशक ड्यानियलले भारतमा गरिएको एक अध्ययनले जङ्गली हात्तीले भन्दा मुसाको कारणले भारतमा धानको क्षति धेरै गुणा ठूलो हुने भए पनि मान्छेले नजरअन्दाज गर्दै आइरहेको बताए। उनका अनुसार एउटा मुसाले प्रतिवर्ष साढे छ किलोग्रामभन्दा धेरै धान खाने गर्दछ।
वाइल्ड केयर नेपालका कार्यकारी निर्देशक डा रमा मिश्रले मानव र हात्तीबीच देखिएको द्वन्द्व न्यूनीकरण गर्नका लागि समुदायस्तरमा विभिन्न खालका जनचेतना र जागरणमुलक अभियान सञ्चालन गर्दै आइरहेको बताइन्।
'जङ्गली हात्तीको कारणले हुने क्षति र नोक्सानीको राहत तथा क्षतिपूर्ति उपलब्ध गराउने प्रावधान केही झन्झटिलो र प्रक्रियामुखी हुँदा पनि वास्तविक पीडितले राहत प्राप्त गर्न समस्या भइरहेको छ,' उनले भने, 'राज्यले पनि झन्झटिलो प्रावधानलाई सहज गराउनेतर्फ अग्रसर हुन जरुरत छ।' नेपाल राष्ट्रिय आधारभूत विद्यालय कोहल्वीका प्रधानाध्यापक विकीकुमार चौधरीले पनि विद्यालयस्तरमा पनि मानव र हात्तीबीचको द्वन्द्वको विषयमा विद्यार्थीलाई अभिमुखीकरण कार्यक्रम गर्दै आइरहेको बताइन् । कोहल्वी नगरपालिका–४ का वडाध्यक्ष विष्णुप्रसाद मैनालीले हात्ती प्रभावित जनताले क्षति र राहत पाउन निकै समस्या भोग्नुपरेको गुनासो गरे।
वन्यजन्तु विज्ञ बाबुराम लामिछानेले नेपालमा करिब दुई सय २७ को हाराहारीमा जङ्गली हात्ती रहेको बताए। 'नेपालका तराई भू–भागका १९ जिल्लामा दुई सय २७ को सङ्ख्यामा जङ्गली हात्ती रहेको विभिन्न अध्ययनले देखाएको छ,' उनले भने, 'घरपालुवा हात्तीको संख्या भने एक सय ७७ रहेको छ ।' वन्यजन्तु विज्ञ लामिछानेले मानवले हात्तीलाई असल व्यवहार गरेको खण्डमा हात्तीले पनि असल र प्रेमपूर्वक व्यवहार गर्ने बताए। रासस

# भाडाको खेतमा तरकारी फलाएर मासिक ७० हजार आम्दानी

**रौतहट ।**
चन्द्रपुर नगरपालिका–५ थलाहीटोलका ५१ वर्षीय किसान राजेन्द्र महतोले बैमौसमी तरकारी खेतीबाट लोभलाग्दो कमाई गरिरहेका छन् ।
अर्काको खेत भाडामा लिएर तरकारी खेतीबाट उनले मासिक ७० हजार रुपैयाँ कमाई गर्दै आएका हुन् । उनले डेढ बिघा जग्गा भाडामा लिएर मौसमी तथा बेमौसमी तरकारी खेती गर्दै आएका छन् भने कमाइसँगै परिवारको जीवनस्तरमा पनि सुधार आएको छ ।
महतोले बताए, 'सर्लाहीमा २४ बिघा क्षेत्रफलमा लगाएको उखु मिलले समयमा नकिनेपछि ठूलो घाटा भयो । सबै सम्पत्ति बेचेर सात वर्षअघि रौतहटको चन्द्रनिगाहपुर आएँ र यहीँ खेत भाडामा लिएर तरकारी खेती शुरु गरे ।'
उनले सर्लाहीमा पनि अर्काको खेत भाडामा लिएर उखु खेती गरेका थिए । तर उखु खेतीमा घाटा भएपछि ऋणको बोझ बोक्दै रौतहट आएका महतो तरकारी खेतीबाट आत्मनिर्भर बनेका छन् ।
महतोका अनुसार बिहानको झिसमिसेदेखि साँझ अबेरसम्म उनी बारीमै व्यस्त रहन्छन् । 'सात वर्षको मेहनतमा अनुदानको नाममा मैले एक रुपैयाँ पनि पाएको छैन,' उनले भने, 'तरकारी खेतीकै आम्दानीबाट एक छोरालाई कम्प्युटर इन्जिनियर बनाएँ, छोरीको बिहे गरेँ र अर्को छोरालाई काठमाडौंको निजी कलेजमा पढाइरहेको छु ।'
व्यावसायिक रूपमा खेती गर्दै आएका महतोले चारदेखि पाँचजना कामदार राखेर खेती गर्ने गरेका छन् । उनका अनुसार अहिले मासिक झण्डै ७० हजार रुपैयाँसम्म बचत गर्न सकिने भएको छ ।
महतोले गुनासो गर्दै भने, 'नगरपालिकाका कर्मचारीहरू आएर राम्रो गरेको रहेछौ भन्छन् तर कुनै सहयोग गर्दैनन् । अनुदानको कुरा त परै जावस्, उल्टो मेरो बारीको फोटो खिचेर झोले किसानहरूले अनुदान लिन्छन् ।'
उनका अनुसार केही समयअघि नगरपालिकाको अनुदानमा टनेल बनाइदिन्छु भन्ने व्यक्तिले उल्टै ३० हजार रुपैयाँ मागेको थियो । '७० हजारमा बन्ने टनेलको लागि नगरपालिकाबाट २ लाख रुपैयाँ निकासा भएको सुनेको छु,' उनले बताए, 'सक्कली किसानभन्दा झोले किसानले सहुलियतको ऋण पाउँछन् ।' महतोले थप भने, 'मेरै बारीको फोटो खिचेर नक्कली किसानहरूले सहुलियतको ऋण र अनुदान लिने गरेकाले अब म कसैलाई पनि बारीमा फोटो खिच्न दिन्न ।'
उनले युवाहरूलाई पनि विदेशतिर मोह नगरी आफ्नै देशमा मेहनत गर्न सुझाव दिए । 'देशमै खेतबारीमा पसिना बगाए राम्रो आम्दानी गर्न सकिन्छ,' उनको भनाइ छ ।

# संगीतमय श्रीमद्भागवत महापुराण कथा हुँदै

**मधेशदृष्टि**
**वीरगंज।**
बबिता पराजुली आधारभूत विद्यालयको व्यवस्थापन तथा भवन संरक्षणका लागि भव्य संगीतमय श्रीमद्भागवत महापुराण कथा आयोजना हुने भएको छ। विद्यालय परिवारका अनुसार कथा कात्तिक २० गतेदेखि शुरु हुने र २६ गतेसम्म निरन्तर चल्नेछ । कथावाचकका रूपमा श्री शिवशंकर महाराज कान्हा बालास्रम, समस्तीपुर बिहारबाट आउने छन् । कार्यक्रमको पहिलो दिन बिहान १० बजे कलश यात्रा आयोजना गरिनेछ भने हरेक बिहान ७ बजेदेखि ९ बजेसम्म वेदी पूजा हुनेछ । कथा तथा लीलाको प्रस्तुतिकरण हरेक दिन दिउँसो ३ बजेदेखि साँझ ८ बजेसम्म सञ्चालन हुनेछ । कार्यक्रमको अन्तिम दिन, २५ गते पूर्णिमा तथा २६ गते भक्तजनहरूद्वारा विशाल भण्डाराको आयोजना गरिने विद्यालयले जनाएको छ।
कथास्थल श्री छठघाट स्थित श्री हनुमान मन्दिर परिसर, वीरगंज–९ मा तय गरिएको छ। कार्यक्रमको आयोजना श्री छठघाट व्यवसायिक तथा सेवा समिति, वीरगंज–९ ले गरेको हो । आयोजक समितिले श्रद्धालु भक्तजनहरूलाई कथा श्रवण गरी धर्म तथा शिक्षाको कार्यमा सहभागी हुन अनुरोध गरेको छ।

# खैरो हेरोइनसहित एक युवक पक्राउ

**सिरहा।**
गोलबजार नगरपालिका–८ स्थित पुरानो चोहर्वाबाट प्रहरीले खैरो हेरोइनजस्तो देखिने पदार्थसहित एक युवकलाई पक्राउ गरेको छ । लागुऔषध बिक्रीवितरण भइरहेको गोप्य सूचनाका आधारमा इलाका प्रहरी कार्यालय गोलबजार र लागुऔषध नियन्त्रण ब्युरोको संयुक्त टोलीले मङ्गलबार साँझ गोलबजार–१० महाजन टोलका करिब २० वर्षीय रूपेश सिंहलाई पक्राउ गरेको प्रहरीले जनाएको छ ।जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक रमेशबहादुर पालका अनुसार सिंहको साथबाट सानो कालो प्लास्टिकको पोकामा लुकाएर राखिएको दुई ग्राम १३० मिलिग्राम खैरो हिरोइनजस्तो देखिने पदार्थ बरामद गरिएको हो। सिंहलाई हाल गोलबजारस्थित प्रहरी कार्यालयमा राखी थप अनुसन्धान भइरहेको उनले जानकारी दिए।
यसअघि गत आइतबार राति प्रहरीले लहान र कर्जन्हाबाट पनि खैरो हिरोइनसहित चार जनालाई पक्राउ गरेको थियो।

# किरिया खर्च पनि नभएकालाई सहयोग

**मधेशदृष्टि**
**सप्तरी।**
उपचार अभावले एकपछि अर्को गर्दै परिवारका तीन सदस्य गुमाएर किरिया खर्चका लागि समेत समस्या खेपिरहेका सप्तरीको छिन्नमस्ता गाउँपालिका–५ सदा टोलका ३३ वर्षीय बुचन सदालाई सहयोग जुटेको छ।
अतिविपन्न बुचनलाई ३ र ५ वर्षकी छोरी तथा ८ वर्षका छोराको छाक टार्न र श्रीमतीको उपचार गराउन समेत कठिनाइ भइरहेको विषय सार्वजनिक भएपछि सूर्यज्योति लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड, गाउँपालिका र विभिन्न व्यक्तिहरूले समेत सहयोग गरेका छन्।
पीडित परिवारलाई केही हदसम्म राहत पुऱ्याउने उद्देश्यले तत्कालै नगदसहित ६० हजार रुपैयाँ बराबरको सहयोग गरिएको इन्स्योरेन्सका ब्रान्डिङ हेड मेघेन्द्रप्रकाश गिरीले बताए । मजदुरी गर्न भारतको पञ्जाब पुगेका बुचनको घरमा कात्तिक २ गते शुरु भएको झाडापखालाले कात्तिक ६ मा उनका एक वर्षका छोरा सञ्जीव, कात्तिक ११ मा ६६ वर्षका बुबा लक्ष्मण र कात्तिक १४ मा ४ वर्षकी छोरी राघिनीको मृत्यु भएको थियो । उनकी श्रीमती २६ वर्षकी पार्वतीदेवीको माइती पक्षले लहानमा उपचार गराइरहेको र उनको अवस्था सामान्य रहेको बुचनले बताए।

# गुरु नानक जयन्तीमा कार्यक्रम आयोजना

**मधेशदृष्टि**
**वीरगंज।**
प्रत्येक वर्ष नोभेम्बर ५ का दिन गुरु नानक देवजीको जन्मजयन्तीका अवसरमा पर्सास्थित गुरुद्वारा गुरुनानक सत्संग, पर्सामा विशेष कार्यक्रम गरिएको छ । यस अवसरमा गुरु नानक देवजीका उपदेश, प्रेम, शान्ति र करुणाको सन्देश–उल्लेख गर्दै सत्संग, भजन कीर्तन तथा प्रार्थना कार्यक्रम गरिएको छ । कार्यक्रम पछि लंगर सामुहिक भोजन प्रसादको व्यवस्था पनि गरिएको थियो । आयोजक समितिका अनुसार, सबै समुदायका श्रद्धालु र शुभेच्छुकलाई कार्यक्रममा सहभागी भई गुरु नानक देवजीको शिक्षाबाट प्रेरणा लिन हार्दिक निमन्त्रणा गरिएको थियो।

## सम्पादकीय

# कम्युनिष्ट पार्टीहरुबीच एकता

बुधबार काठमाडौँमा नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) र नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी)सहित विभिन्न दश वामपन्थी पार्टीबीच एकता घोषणा भएको छ। यसले माओवादीमै पनि तरंग ल्याएको छ । किनभने अघिल्लो प्रतिनिधि सभा निर्वाचनमा ३२ सिट भएको माओवादीका उपमहासचिव जनार्दन शर्मा र वैचारिक नेता राम कार्की तथा १० सिटको समाजवादीमा पनि महासचिव घनश्याम भुसालसहित केही प्रभावशाली नेता एकतामा आएनन् । समाजवादीमा केही सांसदहरु एमालेमै फर्कने तयारीमा जुटे । अन्तिममा समाजवादीका सम्मानित नेता झलनाथ खनाल एकतामा समाहित भए। यसले एकतालाई बल पुगेपछि असन्तुष्टि छताछुल्ल छ । मञ्चमा रहेका र सहसंयोजक बनेका माधव नेपालको नामै लिएनन् खनालले।

बुधबार भृकुटीमण्डपमा आयोजित विशेष समारोहमा माओवादी केन्द्र, एकीकृत समाजवादी, नेपाल समाजवादी पार्टी, जनसमाजवादी पार्टी नेपाल, नेपाल कम्युनिष्ट पार्टी, नेकपा (माओवादी समाजवादी) र नेकपा (साम्यवादी)लगायत वाम पार्टीबीच एकता घोषणा भयो। पार्टीको नाम 'नेपाली कम्युनिष्ट पार्टी' राखिएको छ । एकता घोषणासभामा माओवादी केन्द्रका संयोजक पुष्पकमल दाहाल 'प्रचण्ड', एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपाल, माओवादीका वरिष्ठ नेता नारायणकाजी श्रेष्ठ, एकीकृत समाजवादीका वरिष्ठ नेता वामदेव गौतम, नेपाल समाजवादी पार्टीका अध्यक्ष महेन्द्रराय यादव, नेपाल कम्युनिष्ट पार्टीका महासचिव चिरन पुनलगायत शीर्ष नेता तथा कार्यकर्ता सहभागी थिए। पछि झलनाथ खनाल पनि थपिए।

एकीकृत पार्टीको मार्गनिर्देशक सिद्धान्त माक्र्सवाद–लेनिनवाद र कार्यक्रम नेपाली विशेषताको वैज्ञानिक समाजवाद राखिएको छ। पार्टीको चुनाव चिह्न 'पाँचकुने तारा' सार्वजनिक गरिएको छ । सुशासन, सामाजिक न्याय र आर्थिक रुपान्तरण गर्दै समाजवादी क्रान्तिको लक्ष्य पूरा गर्न बृहत् कम्युनिष्ट आन्दोलनको एकीकरण आवश्यक भएको नेताहरुको बोली सुनिन्छ। पुँजीवादी जनवादी क्रान्तिका उपलब्धिको रक्षा, राष्ट्रिय स्वाधीनताको संरक्षण, सुशासन, सामाजिक न्याय, सामाजिक आर्थिक समृद्धि र रुपान्तरण गर्दै समाजवादको आधार तयार गर्ने बताइएको छ। आगामी छ महिनाभित्र एकता राष्ट्रिय महाधिवेशनको आयोजना गर्ने सहमति भएको छ। एकता प्रक्रियामा सहभागी भएका पार्टीका साविकका केन्द्रीय समितिलाई समायोजन गर्दै आपसी सहमतिको आधारमा केन्द्रीय समिति गठन गरिने बताइएकेछ।

केन्द्रीय समितिमा संयोजक र सहसंयोजक तथा प्रदेश, जिल्ला, पालिका र वडा तहका सबै समितिमा पनि संयोजक र सहसंयोजकको व्यवस्था हुने बताइएको छ। तर जनतामा भने यसले यसले गर्ने रक्तसञ्चार भनेको अब देशमा स्थिरता कहिले हुन्छ भन्ने नै हो।

# वर्तमान राजनीतिक परिस्थिति र जसपा नेपालको दृष्टिकोण एवम् कार्यदिशा

नेपालको इतिहासमा धेरै महत्वपूर्ण राजनीतिक परिवर्तनहरू भएका छन्। गोरखा राज्य विस्तारको अभियान (सन् १७४३–१७७५) का दौरान पृथ्वीनारायण शाहले स–साना राज्यहरू कब्जा गरी शाहवंशीय निरङ्कुशतन्त्र (सन् १७६८–१८४६) कायम गरे। जंगबहादुर राणाले कोतपर्वपछि सत्ता कब्जा गरी राणा परिवारको वंशाणुगत राणाशासन अर्थात् कुलीनतन्त्र (सन् १८४६–१९५१) स्थापना गरे, जसले करिब १०४ वर्षसम्म नेपालमा शासन गर्यो । सन् १९५१ मा भएको क्रान्तिपछि राणाशासनको अन्त्य भयो र नेपालमा पहिलोपटक प्रजातन्त्र सुरूवात भयो। राजा महेन्द्रले जनताद्वारा निर्वाचित सरकारलाई सैन्यशक्तिको बलमा अपदस्त गरी, संसद भङ्ग गर्दै पार्टीमाथि प्रतिबन्ध लगाई निरङ्कुश निर्दलीय तानाशाही पञ्चायती व्यवस्था (सन् १९६०–१९९०) लागू गरे । जनआन्दोलन (सन् १९९०) पछि पञ्चायती व्यवस्था समाप्त भई बहुदलीय प्रजातान्त्रिक व्यवस्थाको पुनः स्थापना भए।

१० वर्षसम्म भएको माओवादी जनयुद्ध (सन् १९९६–२००६) र दोस्रो जनआन्दोलन (अप्रिल २००६) पछि संसद पुनःस्थापना भयो । नेपाली जनआन्दोलन, जनसङ्घर्ष र क्रान्तिको इतिहासमा सन् २००७–२००८ को ऐतिहासिक मधेश जनविद्रोहबाट संघीय लोकतान्त्रिक प्रणालीको स्थापना, पहिलो संविधानसभाबाट राजतन्त्रात्मक व्यवस्थालाई अन्त्य गरी गणतन्त्रको घोषणा जस्ता ऐतिहासिक परिवर्तनहरू भए । सन २००८ मा राजतन्त्रात्मक प्रणालीलाई अन्त्य गरी संघीय लोकतान्त्रिक गणतन्त्रात्मक प्रणालीको स्थापना गरिए पनि आजसम्म सम्पूर्ण राजनीतिक शक्ति, सैन्यशक्ति, आर्थिक स्रोतसाधन र राजकीय सेवा एवम् अवसरहरूमा परम्परागत रूपले कायम रहेको एकल जातीय आधिपत्य तथा प्रभुत्व यथावत नै रहे, यसमा खासै कुनै परिवर्तन हुन सकेन । बहुजातीय–राष्ट्रिय, बहुधार्मिक, बहुसाँस्कृतिक, बहुभाषिक, विविधतायुक्त, नेपालमा एउटै भाषा, एउटै संस्कृति, एउटै जात, जातिको वर्चस्व निरन्तर रूपमा रहँदै आएको छ । मधेशी, आदिवासी जनजाति, दलित, पिछडावर्ग, थारू, महिला, मुस्लिमलगायत अल्पसंख्यक समुदायमाथि कायम रहेको आन्तरिक औपनिवेशीकरणको नीति तथा सीमान्तीकरण र बहिष्करणको अवस्थामा अझसम्म परिवर्तन आउन सकेको छैन। उनीहरू बिना भेदभाव पूर्णरूपमा राष्ट्रिय राजनीति, आर्थिक विकास एवम् राष्ट्र निर्माण र आधुनिकीकरणको प्रक्रियामा अझै सहभागी हुन सकेका छैनन्।

आज बहुदलीय व्यवस्था स्थापना भएको लगभग ३५ वर्ष, गणतन्त्र स्थापना भएको लगभग १७ वर्ष र वर्तमान संविधान जारी भएको लगभग एक दशक भएको छ।

बहुदलीय व्यवस्था पुनः स्थापनापश्चात् विगतका वर्षहरूमा नेपाली कांग्रेस, नेकपा (एमाले) र नेकपा (माओवादी) कै नेतृत्वमा सरकारहरू गठन भए । यिनै पार्टीको नेतृत्वमा मुलुकको शासन सत्ता सञ्चालन भए, तर पनि मुलुकले सुशासन र समृद्धिको लक्ष्य हासिल गर्न सकेन। गरिबी, बेरोजगारी, भ्रष्टाचार, जातीय, वर्गीय तथा लैङ्गिक असमानता र विभेदको अन्त्य पनि हुन सकेन । कांग्रेस र कम्युनिष्ट पार्टीको नेतृत्वमा गठन भएका सरकारहरू पूर्णरूपले असफल सिद्ध भएका छन् । नेपाली शासक वर्ग अर्थात् शासक जातिले आफूलाई शासक र जनतालाई रैती अथवा दास सम्झने प्रवृत्तिमा कुनै परिवर्तन आउन सकेन । लोकतन्त्रको स्थान पूँजीतन्त्र, दलतन्त्र, नेतातन्त्र र गुटतन्त्रले लिन थालेपछि मुलुकको अवस्था झन् जटिल, दिशाहीन र अन्योलपूर्ण हुन पुगेको छ। केपी शर्मा ओली नेतृत्वको कांग्रेस र एमाले सरकारले नेपालको भूराजनीतिक अवस्था र छिमेकी मित्र राष्ट्रहरूप्रतिको संवेदनशीलतालाई बुझ्न नसक्नु कुटनीतिक असफलता हो।

जनताले गुणस्तरीय शिक्षा र स्वास्थ्य सेवा सहज रूपमा प्राप्त गर्न सकेनन् । गुणस्तरीय शिक्षा र रोजगारीको अभाव भएका कारण लाखौँ युवायुवती शिक्षा र रोजगारीका लागि विदेशिन बाध्य हुनु पर्यो। कांग्रेस र कम्युनिष्ट सरकारकै समयमा मुलुकमा महंगी, गरिबी, बेरोजगारी, कुशासन, भ्रष्टाचार, कमिशनतन्त्र, लुटतन्त्र, विचौलियाको चलखेल व्यापकरूपमा फैलियो । जनतामा सरकार, राजनीतिक दल र नेतृत्वप्रति नै व्यापक असन्तुष्टि र वितृष्णा फैलियो। एनसेल, वाइडबडी, यती काण्ड, बुढीगण्डकी, सुनकाण्ड, भूटानी शरणार्थी ठगी काण्ड, ललिता निवास बालुवाटार जग्गा काण्ड, गिरीबन्धु चियाबगान जग्गा काण्ड, पतञ्जली योगपीठ नेपाल जग्गा काण्ड, सहकारी ठगी–घोटाला–बचत काण्ड, टेरामक्स काण्ड, न्यू–भिजिट भिसा ठगी काण्ड, ओमनी ग्रुप–कोभिड–१९ खरिद काण्ड, पोखरा र भैरहवा विमानस्थल निर्माणसम्बन्धी काण्डलगायत थुप्रै भ्रष्टाचारका काण्डहरू चर्चामा आए ।मित्र राष्ट्रहरूको सहयोगमा स्थापना गरिएका बाँसबारी छाला जुत्ता कारखाना, हिमाल सिमेन्ट कारखाना, हरिसिद्धि इँट्टा तथा टायल कारखाना, जनकपुर चुरोट कारखाना, कृषि औजार कारखाना, वीरगंज चिनी कारखाना, हेटौँडा कपडा उद्योग, भृकुटी कागज कारखाना, गोरखकाली टायर कारखाना, बुटवल धागो कारखानालगायत धेरै उद्योग तथा कलकारखानाहरू सञ्चालन गर्न नसकी निजीकरण गरिए र अन्त्यमा सबै कलकारखानाहरू बन्द भए। परिणामस्वरूप दशौँलाख मानिसले रोजगारी गुमाए, अबौँको राजस्व घट्यो । देशको अर्थतन्त्र लामो समयदेखि व्यापार घाटा, वैदेशिक ऋण, अल्पविकास, बेरोजगारी, परनिर्भरता र असमानताको दुश्चक्रमा जकडियो । यस्तो अवस्थामा युवापुस्ताले नेपालमा आफ्नो भविष्य सुनिश्चित नहुने महसुस गर्न थालेका छन्।

विगतका केही वर्षहरूमा धेरै मुलुकहरूमा आन्दोलन र परिवर्तन भएका छन्। अमेरिकामा सन् २०१८ मा हाम्रो जीवनको लागि मार्च र पुलिस क्रुरता, जातीय भेदभाव र सामाजिक न्यायका लागि ब्लाक लाइभ्स म्याटर, युथ मुभमेन्ट, सन् २०१०–२०१२ मा मध्यपूर्व र उत्तर अफ्रिकामा भएको अबर स्प्रिङ युथ मुभमेन्टस्, जसले केही देशमा सरकार परिवर्तन, युवा सहभागिता र सामाजिक सञ्जालको शक्ति प्रकट गरे । सन् २०१९–२० मा हङकङमा हङकङ प्रोडेमोक्रेसी युथ मुभमेन्ट, सन् २०१७ मा लैङ्गिक हिंसा र दुव्र्यवहार विरूद्ध मि टु युग क्याम्पियन, २०१९ मा जलवायु परिवर्तनसम्बन्धी युवाको दबाब आन्दोलन र यहाँसम्म कि सन् २०११ मा इजिप्टका नयाँ पुस्ताका युवाले विद्रोह नै गरे, जसबाट होस्नी मुबारकको शासन अन्त्य भयो। सन् २०२२ मा श्रीलंकामा भएको युवाहरूको विद्रोहले गर्दा गोताबाया राजापाक्षेलाई राजीनामा नै दिनु पर्यो। त्यसैगरी सन् २०२४ मा बंगलादेशमा युवा विद्यार्थीले गरेको आन्दोलनबाट शेख हसिनाको सरकार नै ढल्यो। यी आन्दोलनहरूमा गेमिङ एप डिस्कर्ड, डिजिटल नेटवर्क र सामाजिक सञ्जालको प्रयोगले युवा पुस्तालाई निकै प्रभावित पारेको देखिन्छ र नेपाली युवा वर्गमा पनि यसको प्रभाव निकै रहेको देखिन्छ।

केपी शर्मा ओली नेतृत्वको सरकारले अन्तर्राष्ट्रिय मिडिया, सामाजिक मिडिया एप्सहरू– फेसबुक, व्हाट्सएप, इन्स्टाग्राम, एक्स, युट्युबलगायत करिब २६ वटा मिडिया प्लेटफर्महरूलाई अबरुद्ध गरेका थिए । जुन कार्य आधुनिक लोकतन्त्र र व्यक्ति स्वतन्त्रताको प्रतिकूल थियो । यसबाट नेपाली जनता खासगरी युवा वर्ग निकै दिकदार र आक्रोशित हुन पुगे। २०८२ साल भदौ २३ गते सुशासन, असमानता र भ्रष्टाचार नियन्त्रण तथा न्यायका लागि जेन्जी युवा पुस्ताले केपी शर्मा ओली नेतृत्वको सरकारविरूद्ध विद्रोहमा उत्रिए। सरकारले आन्दोलनरत युवाहरूको न्यायोचित माग र मुद्दाहरूलाई सम्बोधन गरी तत्काल समस्या समाधान गर्नुपर्दथ्यो, तर सत्ता र शक्तिको दम्भमा सरकारले दमनकारी नीति लिई राज्यआतङ्क फैलाई विद्रोहमा लागेका युवामाथि दमन गर्ने कार्य गर्यो। दर्जनौँ युवाहरूको हत्या र हजारौँ युवाहरूलाई घाइते बनाइयो। जसले गर्दा परिस्थिति झन् बिग्रन गई २०८२ साल भदौ २४ गते सम्ममा ठूलो संख्यामा मुलुकले धनजनको क्षति बेहोर्नु पर्यो। ऐतिहासिक भौतिक संरचनाहरूसमेत ध्वस्त भए। २०८२ साल भदौ २३ र २४ गतेको आन्दोलनमा लोकतन्त्र, गणतन्त्र, संघीयता विरोधी प्रतिगमनकारी, अराजकतत्व र षड्यन्त्रकारी घुसपैठ गरी विभिन्न राजनीतिक दलका कार्यालय, राष्ट्रपति भवन, सिंहदरबार, संसद भवन, न्यायपालिका, कार्यपालिका भवन, होटल, उद्योग, कलकारखाना, व्यापारिक एवम् व्यावसायिक मल, कारागार अथवा बन्दीगृह तोडी अपराधी कैदी भगाउने, सुरक्षा कार्यालय तथा प्रहरी चौकी, सरकारी, सार्वजनिक तथा निजी भवन तोडफोड, आगजनी र लुटपाटजस्ता विध्वंसात्मक आपराधिक क्रियाकलाप गरी मुलुकमा अपूरणीय क्षति पुरÞ्याएको छ । प्रहरी स्रोतका अनुसार देशका विभिन्न भागहरूबाट ठूलो संख्यामा आधुनिक हातहतियार लुटिएका छन् । यसले नेपालको आन्तरिक सुरक्षासमेत सङ्कटमा पर्न सक्छ। खबौँको सम्पत्ति नष्ट भएका छन्। हजारौँले रोजीरोटी गुमाएका छन् । सरकार, सेना, प्रहरी र प्रशासनले चाहेको भए मुलुकलाई ठूलो जनधनको क्षति हुनबाट जोगाउन सक्थ्यो, तर जोगाउने प्रयाससम्म किन गरिएन ? यो रहस्यमय रहेको छ। नेपालीलाई रोजगारी प्रदान गर्दै आएका केही मुलुकले वर्किङ भिसा, टुरिष्ट भिसा, भिजिट भिसा रद्द गरेका छन्। यसको जिम्मेवार केपी शर्मा ओली नेतृत्वको सरकार नै हो । मुलुकलाई नै क्षति पुरÞ्याउने दोषीहरूको छानबिन गरी कानूनबमोजिम कारबाही गरी सरकारले पीडितलाई क्षतिपूर्ति दिने व्यवस्था गर्नुपर्दछ।

२०८२ साल भदौ २३ र २४ गते आन्दोलनका क्रममा भएका हिंसा, हत्या, कुटपीट, तोडफोड, लुटपाट र आगजनीलगायतका घटनाको सम्बन्धमा सत्यतथ्य पत्ता लगाउन उच्चस्तरीय न्यायिक छानबिन गरिनुपर्दछ । छानबिन र अनुसन्धानका प्रतिवेदन तत्काल सार्वजनिक गरी जनतालाई सत्य तथ्यसम्बन्धी जानकारी गराउने र घटनामा दोषी ठहर भएका व्यक्तिपर कानूनी कारबाही गरिनुपर्दछ। विगतमा भए गरेका सम्पूर्ण भ्रष्टाचारहरू, भ्रष्टाचारसँग सम्बन्धित विभिन्न काण्डहरू उपर छानबीन गरी भ्रष्टाचारीहरूलाई कानूनबमोजिम न्यायालयको कठघरामा ल्याउनुपर्दछ।

जेन्जी युवा पुस्ताको आन्दोलनका क्रममा तोडफोड, आगजनीलगायतका कार्यहरूबाट नष्ट भएका निजी तथा सार्वजनिक सम्पत्तिहरूको तथ्याङ्क सङ्कलन गर्ने र भौतिक संरचना पुननिर्माणको कार्यमा हामीले सहयोग गर्ने–गराउने कार्यमा महत्वपूर्ण भूमिका खेल्नुपर्दछ । यसका लागि अगुवा साथीहरूलाई भेला गरी टिम निर्माण गरी पुननिर्माणका लागि पहल र प्रयास गर्ने–गराउने।

६. २०८२ साल भाद्र २३ गते जेन्जीका युवा पुस्ताले आन्दोलनका दौरान उठाएका माग र मुद्दाहरू, जसपा, नेपालले पहिलादेखि नै उठाउँदै आएका धेरैजसो माग र मुद्दा मिल्दोजुल्दो नै भएको हुनाले पार्टीले ती माग र मुद्दालाई सम्बोधन गराउन आवश्यक प्रयास गरिरहनुपर्दछ। युवा पुस्ताहरूसँग सहकार्य गर्दै उनीहरूलाई प्रोत्साहन र समावेशीकरण गर्दै अगाडि बढ्नुपर्दछ। आजका युवा नेतृत्व वर्गलाई राजनीतिक रूपले प्रशिक्षित, सिर्जनात्मक र चेतनशील बनाई संगठित गरी नेतृत्वदायी भूमिका खेल्न सहयोग र प्रोत्साहन गरिनुपर्दछ। सोका लागि पार्टीले विशेष कार्यक्रम र कार्यनीति तय गरी कार्यान्वयन गर्नुपर्दछ। पार्टीको नीति, कार्यक्रम, विचार, सिद्धान्त र संगठनसँग युवा पुस्तालाई आबद्ध गर्ने प्रयास निरन्तर जारी राख्नुपर्दछ।

देशको वर्तमान परिस्थितिमा शान्ति, सुरक्षा, सामाजिक सहिष्णुता र सद्भाव तथा अमनचयन र कानूनी व्यवस्थाको स्थापना गरिनुपर्दछ। केपी शर्मा ओली नेतृत्वको सरकार पतन भइसकेको छ । संविधानको व्यवस्थाबमोजिम नभई मुलुकको विषम् परिस्थितिमा आवश्यकताको सिद्धान्तका आधारमा सम्माननीय राष्ट्रपति रामचन्द्र पौडेलद्वारा पूर्वप्रधानन्यायाधीश सुशीला कार्कीलाई प्रधानमन्त्री नियुक्त गरिएको छ। उहाँको नेतृत्वमा मन्त्रिपरिषद्समेत गठन भइसकेको छ । आन्दोलनकारीहरूको मागबमोजिम तत्काल आन्दोलनको सहज अवतरण भएको छ। तर पनि भ्रष्टाचारमाथि नियन्त्रण, भ्रष्टाचारसम्बन्धी विभिन्न काण्डहरूको छानबिन र अनुसन्धान तथा कानूनी कारबाही र सुशासनको प्रत्याभूति हुने कार्यहरू अझसम्म पनि हुनसकेको छैन। युवा पुस्ताले गरेको विद्रोहको उपलब्धि केबल सरकार परिवर्तन र विसं २०८४ मा हुने संसदीय निर्वाचन २०८२ सालमा हुनेमा मात्र सीमित रहने हो कि भन्ने आशंका र दुविधा उत्पन्न भएको छ । संविधान संशोधन अथवा पुनर्लेखन, निर्वाचन प्रणाली र शासकीय स्वरूपमा परिवर्तन, समानुपातिक समावेशीकरण तथा पहिचान जस्ता महत्वपूर्ण राजनीतिक मुद्दाहरू ओझेलमा परेका छन् । 'क्रान्तिकारी सिद्धान्त, क्रान्तिकारी पार्टी र दूरदर्शी क्रान्तिकारी नेतृत्वको अभावमा कुनै क्रान्ति सम्भव हुन्न' भन्ने तथ्यको पुष्टि भएको छ।

क्रान्तिकारी परिवर्तन भनेको केबल सत्ताको हस्तान्तरण मात्र होइन, बरू सामाजिक, आर्थिक, राजनीतिक र सांस्कृतिक जीवनमा आमूल रूपान्तरण हो। यो एउटा शतत् प्रक्रिया हो जसका लागि दूरदृष्टि, समर्पण, सङ्घर्ष र सबैभन्दा महत्वपूर्ण, जनताको सक्रिय र सचेतन सहभागिता आवश्यक हुन्छ।

वर्तमान सरकारले संघीयता, लोकतन्त्र, गणतन्त्र, समावेशिता, नागरिक स्वतन्त्रता, मौलिक हक, सामाजिक न्यायलगायतका उपलब्धिहरूको रक्षा गर्दै संविधान र संविधानवादको सिद्धान्त, संवैधानिक सर्वोच्चता र विधिको शासन कायम गर्दै नेपाली जनता र नयाँ पुस्ताको भावना र आकांक्षालाई ध्यानमा राखेर मुलुकमा रहेको अराजकता, भ्रष्टाचार, गरिबी, बेरोजगारी, अव्यवस्था, कुशासन जस्ता विकृतिहरूलाई अन्त्य गरी सुशासन कायम गरी निर्धारित समय अर्थात् २०८२ साल फागुन २१ गते प्रतिनिधिसभा सदस्यको निर्वाचन सम्पन्न गर्नुपर्दछ। निर्वाचनलाई स्वतन्त्र, निष्पक्ष र विश्वसनीय बनाउने वातावरण बनाउनुपर्दछ । सोको लागि शान्ति सुरक्षाको प्रत्याभूति र भयमुक्त वातावरणको सिर्जना, मतदानको स्वतन्त्रता, पारदर्शी प्रक्रिया, निष्पक्ष निर्वाचन आयोग, स्वतन्त्र प्रेस र सूचना प्रवाहको व्यवस्था, कानूनी सुरक्षा र राजनीतिक दलहरूबीच निष्पक्ष प्रतिष्पर्धा हुने वातावरणको निर्माण सरकारले गर्नुपर्दछ। यस कार्यका लागि सरकारले राजनीतिक दलहरुसँग राजनीतिक संवाद र छलफल निरन्तर रुपमा गरिरहनु पर्दछ।

प्रतिनिधि सभाको निर्वाचनका लागि विश्वव्यापी लोकतान्त्रिक मूल्य र मान्यताअनुरूप समान जनसंख्याका आधारमा प्रतिनिधित्वको व्यवस्था गर्न निर्वाचन क्षेत्रको पुनः निर्धारण गर्नुका साथै महिला र दलित समुदायका लागि छुट्टै आरक्षित निर्वाचन क्षेत्रको व्यवस्था गरिनुपर्दछ। यसरी समान जनसंख्याको आधारमा संसदीय निर्वाचन क्षेत्र निर्धारण गर्दा भौगोलिकरुपले अत्यन्त विकट रहेको पहाडी तथा हिमाली भूभागका जनताको न्यायोचित प्रतिनिधित्वसमेत सुनिश्चित हुने गरी गरिनुपर्दछ । त्यसैगरी आर्थिक, सामाजिक र राजनीतिक रूपले बहिष्करणमा पारिएका वा परेका सिमान्तकृत समुदायहरू– मधेशी, आदिवासी जनजाति, थारू, दलित, पिछडावर्ग, महिला, मुस्लिमलगायत अल्पसंख्यक समुदायको लागि स्रोतसाधनमा पहुँच, सत्ता र शक्तिमा समानुपातिक प्रतिनिधित्व र सामाजिक न्यायको प्रत्याभूति गराइनुपर्दछ।

मुलुकको वर्तमान संविधानलाई संशोधन, परिमार्जन तथा पुनर्लेखन नगरी, राजनीतिक प्रणालीमा क्रान्तिकारी परिवर्तन र रूपान्तरण नै नगरी केबल झुठ्ठा आश्वासनको भरमा जेन्जीले उठाएका माग र मुद्दाहरूलाई सम्बोधन गर्न सक्ने अवस्था नै छैन । शासकीय स्वरूप, निर्वाचन प्रणाली, न्याय प्रणाली, संवैधानिक अङ्गहरू, प्रादेशिक संरचना, पहिचान, समावेशिता र सामाजिक न्यायसँग सम्बन्धित मुद्दाहरूलाई सम्बोधन गर्न संविधान संशोधन वा पुनर्लेखन अवश्य गरिनुपर्दछ । त्यसको लागि प्रतिनिधि सभालाई कायमै राखिनु पर्दथ्यो। प्रतिनिधि सभाको विघटन पनि संविधान अनुकूल गरिएको देखिँदैन। यथास्थितिमा गरिने संसदीय निर्वाचनले परिवर्तनकारी शक्तिहरूले उठाउँदै आएका मुद्दाहरू पूर्णरूपले हल हुन सक्दैन तर पनि नयाँ प्रतिनिधि सभाले स्थान ओगट्नेछ र मुलुक पुनः यथास्थितिमा फर्किनेछ। प्रतिगमनकारी शक्तिहरू परास्त हुनेछन्।

देशलाई समृद्ध बनाउनका लागि वर्तमान आर्थिक एवम् राजनीतिक चुनौतीहरूको समाधान गरिनुपर्दछ । जसका लागि राजनीतिक स्थायित्व कायम गर्न लोकतान्त्रिक दलहरूबीच संवाद, आपसी सहकार्य, सहमति र दीर्घकालीन राष्ट्रिय नीति निर्माण गर्नु पर्दछ । सुशासन, भ्रष्टाचार नियन्त्रण र पारदर्शिताको प्रत्याभूति गराईनुपर्दछ । संविधानको प्रभावकारी कार्यान्वन गर्न संघीयता, समावेशिता, सामाजिक न्याय, जातीय, लैङ्गिक र सामाजिक असमानता र विभेदको अन्त्य गरी मौलिक हकहरूलाई व्यवहारमा लागू गर्न आवश्यक ठोस कदम चाल्नु, संघीयतालाई सुदृढ गर्न–संघ, प्रदेश र स्थानीय तहको क्षेत्राधिकार स्पष्ट हुने गरी संवैधानिक एवम् कानूनी प्रावधान तथा राज्यशक्ति, स्रोत र साधानको न्यायोचित वितरण, आर्थिक सुधार र रोजगारी सिर्जना गर्न उत्पादनमुखी अर्थतन्त्रको विकास गर्ने, लगानीमैत्री वातावरणको सिर्जना र सुधार, युवालाई स्वदेशमै रोजगारीको अवसरको सिर्जना, आर्थिक विकासलाई प्राथमिकता, राजनीतिक स्थिरता, व्यावसायिक एवम् गुणस्तरीय शिक्षा र स्वास्थ्य क्षेत्रमा लगानीको वृद्धि, उद्योग, व्यापार र कृषि क्षेत्रमा नवप्रवर्तन (नवीनता) र प्रविधिको प्रयोग, किसानलाई सस्तो ऋण, बिउ, मल र सिँचाईको सुविधा, आधुनिक कृषि प्रविधिको प्रयोग, कृषि बजारको व्यवस्था, उद्यमशीलता र साना उद्योगलाई प्रोत्साहन, समान अवसर र समावेशी विकासको सुनिश्चितता, लैङ्गिक समानता र सामाजिक न्यायमा प्रवद्र्धन, सडक, ऊर्जा, सूचना प्रविधिलगायत पूर्वाधार विकासमा जोड, राष्ट्रिय हितलाई प्राथमिकता दिँदै छिमेकी र अन्तर्राष्ट्रिय समुदायसँग सौहार्दपूर्ण सम्बन्ध कायम गर्न विदेश नीतिमा सन्तुलन समस्यालाई हल गरिनुपर्दछ। यसैगरी सन्तुलित र स्वाभिमानी वैदेशिक सम्बन्ध कायम गरी व्यापारिक साझेदारी र प्रविधि हस्तान्तरणलाई विशेष प्राथमिकता दिनुपर्दछ।

नेपालको वर्तमान संविधानप्रति शुरूदेखि नै जनता समाजवादी पार्टी, नेपालको गम्भीर विमति र असन्तुष्टि रहँदै आएको भए पनि सार्वभौमसत्ता सम्पन्न जनताको जननिर्वाचित प्रतिनिधि संस्था संघीय व्यवस्थापिका संसद् नै भएको हुँदा संसद् र संविधान, समस्याहरूको समाधान गर्ने थलो हुने हुँदा असंवैधानिक बाटो, अतिवादी गैरलोकतान्त्रिक चिन्तन, राजनीतिक अभ्यास र विचार तथा लोकतान्त्रिक गणतन्त्रविरोधी, संघीयताविरोधी, प्रतिगमनकारी षड्यन्त्र र चलखेल तथा क्रियाकलापबाट सतर्क र सजग रहनुपर्दछ । वर्तमान संविधानको महत्वपूर्ण पक्ष नेपालको सार्वभौमसत्ता र राजकीय सत्ता नेपाली जनतामा निहीत रहेको छ। तसर्थ जनतामा निहीत रहेको सार्वभौमसत्ता र राजकीय सत्ता तथा संविधानको प्रतिकुल हुने गरी गरिएका कार्यहरू जनता समाजवादी पार्टी, नेपाललाई स्वीकार्य हुने छैन, हुन पनि सक्दैन।

२०६२–०६३ सालमा जनआन्दोलनको समयमा भएका घटनाको सम्बन्धमा अनुसन्धान तथा छानबिन गर्न माननीय न्यायाधीश कृष्णजंग रायमाझीको अध्यक्षतामा गठन गरिएको आयोगको प्रतिवेदन, २०६३–०६४ सालमा भएको मधेश जनविद्रोह तथा आन्दोलनक्रममा भएका घटनासम्बन्धी तत्कालीन सर्वोच्च अदालतका न्यायाधीश माननीय खिलराज रेग्मीको अध्यक्षतामा २०६४ सालमा गठन गरिएको उच्चस्तरीय न्यायिक छानबीन आयोगको प्रतिवेदन, तात्कालीन सर्वोच्च अदालतका न्यायाधीश गिरिशचन्द्र लालको अध्यक्षतामा गठन गरिएको मधेश तथा थरूहट आन्दोलनमा भएका घटनासम्बन्धी छानबिन आयोगलगायतका न्यायिक तथा छानबिन आयोगका सम्पूर्ण प्रतिवेदनहरू सरकारले सार्वजनिक गरोस् भनी माग गरिन्छ।

विगतमा भए गरिएका जनआन्दोलन, जनसङ्घर्ष, सशस्त्र विद्रोह, आदिवासी जनजाति, थारू आन्दोलन, ऐतिहासिक मधेश जनविद्रोहले नेपालको राजनीतिक र सामाजिक परिप्रेक्ष्यमा महत्वपूर्ण उपलब्धिहरू हासिल गरेका छन् मूलतः संघीय लोकतान्त्रिक गणतन्त्र, धर्म निरपेक्षता, समानता र समावेशिता, मौलिक हक, समानतामा आधारित नागरिकता, समावेशी लोकतन्त्र, महिला सशक्तिकरण, स्वतन्त्र न्यायपालिका, सामाजिक न्यायको हक। यी उपलब्धिहरूलाई नै धरापमा पार्ने र संघीय लोकतान्त्रिक गणतन्त्र, समावेशिता, धर्मनिरपेक्षतालाई अन्त्य गरी मुलुकमा फेरि राजतन्त्र वा अन्य गैर–लोकतान्त्रिक व्यवस्था पुनः स्थापना गर्न लोकतन्त्र विरोधी, गणतन्त्र विरोधी, संघीयता विरोधी शक्तिहरू प्रयासरत रहेका छन् । तसर्थ जनताको संघर्ष, त्याग र बलिदानबाट प्राप्त उपलब्धिहरूको रक्षा गर्दै विगतमा भए गरेका वा रहेका त्रुटि तथा कमीकमजोरीहरूको पहिचान गरी सुधार गर्दै जानुपर्दछ । लोकतन्त्र विरोधी, प्रतिगमकारी शक्तिहरूलाई परास्त गरी समावेशी लोकतन्त्र र संघीय लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गर्दै थप उपलब्धिहरू प्राप्तिका लागि संघर्षरत रहनु नै हाम्रो पार्टीको ऐतिहासिक दायित्व हो । लोकतन्त्र, समानता, सुशासन, सामाजिक न्याय र समाजवादको लक्ष्य प्राप्तिका लागि नै हाम्रो सङ्घर्षको कार्यदिशा हुनुपर्दछ। (केन्द्रीय समितिमा प्रस्तुत प्रतिवेदन)

मधेशदृष्टि दैनिकमा समाचार सामग्री, लेख, विचार र टिप्पणी madheshdristi@gmail.com मा इमेल पठाउनु सक्नुहुनेछ। मधेशदृष्टि दैनिक राससको नियमित ग्राहक हो। बिहान ४:५० बजे नै www.emadheshdristi.com मा पत्रिकाको पिडिएफ उपलब्ध छ।

# सरकारका नाममा कारण देखाऊ आदेश

**काठमाडौँ।**
सर्वोच्च अदालतले गत भदौ २३ र २४ को घटनासम्बन्धी जाँचबुझ आयोगविरुद्ध दायर भएको रिट निवेदनमा कारण देखाऊ आदेश जारी गर्दै लिखित जवाफ माग गरेको छ।
कामु प्रधानन्यायाधीश हरिप्रसाद फुयाल र न्यायाधीश अब्दुल अजीज मुसलमानको संयुक्त इजलासले सोमबार जारी गरेको आदेशमा लिखित जवाफ माग गर्दै कारण देखाउ आदेश जारी गरेको हो।
'यसमा मिति २०८२–६–५ मा गठन भएको जाँचबुझ आयोगका अध्यक्ष वा सदस्यले के, कुन उद्देश्य र आसयसहित निवेदनसाथ पेस भएका निजहरुका धारणाहरु सार्वजनिक भएका हुन् भन्ने सम्बन्धमा निजहरुको लिखित जवाफमा खुल्ने नै देखिँदा तथा जाँचबुझ आयोग ऐन, २०२६ को दफा ३(२) बमोजिम गठन भएको देखिन्छ,' आदेशमा भनिएको छ, 'जाँचबुझ आयोगको निवेदकको प्रकृति र क्षेत्राधिकारलाई हेर्दा आयोगका पदाधिकारीहरुले जाँचबुझ गर्नुपर्ने विषयमा अग्रीम धारणा व्यक्त गरेको भएमा संविधानको धारा २०(९) को प्रयोग र अभ्यासको सम्बन्धमा के, कस्तो असर पर्दछ तथा प्राकृतिक न्यायको सिद्धान्तअनुसार कुनै छानबिन, जाँचबुझ तथा प्रशासकीय वा न्यायिक प्रकृतिको कार्य गर्दा पूर्वधारणा व्यक्त गरेको अवस्थामा पूर्वाग्रहको सिद्धान्त आकर्षित हुने हो वा होइन धारणा निर्माण गर्न आवश्यक देखिएको छ।'
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबारसमेतलाई विपक्षी बनाई सो आयोगविरुद्ध विपिन ढकालले दायर गरेको उक्त रिट निवेदनमा पूर्वाग्रही र विषयवस्तुबारे तटस्थ नभएको भन्ने उल्लेख छ।
आदेशमा भनिएको छ, 'अदालतले इजलाससमक्ष अन्तरिम आदेश जारी गर्ने–नगर्ने सम्बन्धमा पेस भएको देखिँदा प्रस्तुत विषयको अन्तरवस्तु हेर्दा अन्तरिम आदेश माग गरेको विषय पूर्ण सुनुवाइबाट निरुपण गर्नुपर्ने प्रकृतिको देखिएकाले निवेदन माग बमोजिम अन्तरिम आदेश जारी गरिरहन परेन।' घटनामा छानबिन गर्न गठित जाँचबुझ आयोगका अध्यक्ष गौरीबहादुर कार्कीसहित सदस्यहरू विज्ञानराज शर्मा र विश्वेश्वरप्रसाद भण्डारीविरुद्ध सो रिट निवेदन दायर भएको थियो।रासस

# माओवादी र समाजवादीसहित दश वामशक्तिबीच एकता



**काठमाडौँ।**
नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) र नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी)सहित विभिन्न दश वामपन्थी पार्टीबीच एकता घोषणा भएको छ।
भृकुटीमण्डपमा बुधवार आयोजित विशेष समारोहमा माओवादी केन्द्र, एकीकृत समाजवादी, नेपाल समाजवादी पार्टी, जनसमाजवादी पार्टी नेपाल, नेपाल कम्युनिष्ट पार्टी, नेकपा (माओवादी समाजवादी) र नेकपा (साम्यवादी)लगायत वाम पार्टीबीच एकता घोषणा गरिएको हो।
एकता घोषणापछि एकीकृत पार्टीको नाम 'नेपाली कम्युनिष्ट पार्टी' राखिएको छ। एकता घोषणासभामा माओवादी केन्द्रका संयोजक पुष्पकमल दाहाल 'प्रचण्ड', एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपाल, माओवादीका वरिष्ठ नेता नारायणकाजी श्रेष्ठ, एकीकृत समाजवादीका वरिष्ठ नेता वामदेव गौतम, नेपाल समाजवादी पार्टीका अध्यक्ष महेन्द्रराय यादव, नेपाल कम्युनिष्ट पार्टीका महासचिव चिरन पुनलगायत शीर्ष नेता तथा कार्यकर्ता सहभागी हुनुभएको छ।
एकीकृत पार्टीको मार्गनिर्देशक सिद्धान्त माक्र्सवाद–लेनिनवाद र कार्यक्रम नेपाली विशेषताको वैज्ञानिक समाजवाद राखिएको छ। सो अवसरमा उक्त पार्टीको चुनाव चिह्न 'पाँचकुने तारा' सार्वजनिक गरिएको हो।
त्यस अवसरमा एकीकृत समाजवादीका वरिष्ठ नेता एवं एकता संयोजन समिति सदस्य प्रमेश हमालले सुशासन, सामाजिक न्याय र आर्थिक रुपान्तरण गर्दै समाजवादी क्रान्तिको लक्ष्य पूरा गर्न बृहत् कम्युनिष्ट आन्दोलनको एकीकरण आजको आवश्यकता भएकाले विभिन्न वाम घटकबीच एकता भएको बताए। उनका अनुसार पुँजीवादी जनवादी क्रान्तिका उपलब्धिको रक्षा, राष्ट्रिय स्वाधीनताको संरक्षण, सुशासन, सामाजिक न्याय, सामाजिक आर्थिक समृद्धि र रुपान्तरण गर्दै समाजवादको आधार तयार गर्ने पार्टीको तत्कालीन कार्यनीति रहेको छ।
एकीकृत पार्टीबीच आगामी छ महिनाभित्र एकता राष्ट्रिय महाधिवेशनको आयोजना गर्ने सहमति भएको छ। एकता प्रक्रियामा सहभागी भएका पार्टीका साविकका केन्द्रीय समितिलाई समायोजन गर्दै आपसी सहमतिको आधारमा केन्द्रीय समिति गठन गरिनेछ। केन्द्रीय समितिमा संयोजक र सहसंयोजक पद रहनेछ। प्रदेश, जिल्ला, पालिका र वडा तहका सबै समितिहरुमा पनि संयोजक र सहसंयोजकको व्यवस्था हुनेछ।
एकता राष्ट्रिय सम्मेलन र एकता महाधिवेशनमा सहभागी हुने प्रतिनिधि, आयोजना, सङ्गठनात्मक संरचनाको गठन सबै आपसी सहमति र समझदारीमा गरिने नौ दलहरूबीच सहमति भएको छ। पार्टी समितिहरूको सञ्चालन सामूहिक नेतृत्व प्रणालीमा आधारित जनवादी केन्द्रीयताको सिद्धान्तअनुरुप हुने उल्लेख छ।रासस

# कम्युनिष्ट पार्टीबीच एकता अहिलेको आवश्यकताः खनाल

**काठमाडौँ।**
नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी)का सम्मानित नेता झलनाथ खनालले कम्युनिष्ट पार्टीबीचको एकता अहिलेको आवश्यकता भएको धारणा राखेका छन्।
नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) र एकीकृत समाजवादीसहित विभिन्न १० वामपन्थी पार्टीबीचको एकता राष्ट्रिय सम्मेलनलाई बुधवार सम्बोधन गर्दै उनले भने, 'कम्युनिष्ट पार्टीलाई एकताबद्ध बनाउँन चाहन्छौँ, पहिलेको परिस्थितिमा वामपन्थीहरूको एकता र सिङ्गो राष्ट्रको एकता हो र यो आजको आवश्यकता पनि हो।'
एकीकृत समाजवादीको तर्फबाट धारणा राख्दै नेता खनालले जनतामा भएको परिवर्तनको भावनालाई कसैले रोक्न नसक्ने बताए। नेपाली कम्युनिष्ट पार्टीले जनभावनालाई सम्बोधन गर्ने उनले विश्वास व्यक्त गरे। 'आज नयाँ अवस्थामा पार्टीलाई एकतामा रुपान्तरण गरेका छौँ, तत्कालीन अवस्थामा नेपाल कम्युनिष्ट पार्टी (नेकपा) बनायौँ, तर किन जोगाउन सकेनौँ ? गम्भीर आत्मसमीक्षा गर्नुपर्छ,' उनले भने।'



नेता खनालले गल्ती कमजोरी स्वीकार गरेर एकता प्रकियामा आउन सबैमा आह्वान गरे। कम्युनिष्ट आन्दोलनभित्र देखिएका अन्तरविरोधलाई समाधान गरेर वैज्ञानिक समाजवादको यात्रामा अघि बढ्नुपर्ने उनको भनाइ छ। उनले नवगठित पार्टीमा ५० प्रतिशत युवा प्रतिनिधित्व गराउनुपर्नेमा जोड दिए।
नेपाल समाजवादी पार्टीका अध्यक्ष महिन्द्र राय यादवले पार्टी एकताबाट लोकतन्त्र बलियो भएको उल्लेख गर्दै यसका माध्यमबाट देश र जनताको भविष्य उज्वल बन्ने विश्वा व्यक्त गरे।
जेन्जी प्रदर्शनपछिको राजनीतिक सङ्क्रमणलाई पार गराउन माओवादी केन्द्रका संयोजक दाहाल र एकीकृत समाजवादीका अध्यक्ष नेपालको नेतृत्वदायी भूमिका रहेको उनले बताए।
नेपाल समाजवादी पार्टीका तर्फबाट धारणा राख्दै अध्यक्ष यादवले यही नेतृत्वले मुलुकको आर्थिक र सामाजिक रुपान्तरणको राष्ट्रिय आकाङ्क्षा पूरा गर्ने उल्लेख गरे। 'क्रान्तिको नायक प्रचण्ड हुन्। मैले विश्वास लिएर माओवादीको चुनाव चिन्हमा चुनाव लडेँ। जेनजीको आन्दोलनमा म प्रचण्ड र माधवसँगै थिएँ। मैले एमाले देखिनँ, कांग्रेस देखिनँ', उनले भने, 'मैले प्रचण्ड र माधवलाई देखेँ। त्यसदिन उहाँहरूले बिहान चार बजेसम्म सक्रिय भएर निकास दिनुभयो। उहाँको काँधमा धेरै जिम्मेवारी छ। यसको निकास निकाल्नुहुन्छ भन्ने मलाई विश्वास छ।'
नेपाली कम्युनिस्ट आन्दोलनको सबैभन्दा ठुलो समस्या आन्तरिक लोकतन्त्र भएको उनले बताए। पार्टी एकतापछि आन्तरिक लोकतन्त्र बलियो बनाउने विषयमा ध्यान दिने र सबै खाले विभेदको अन्त्य हुनेमा विश्वास लिएको यादवले भने। प्रचण्डले माओवादी त्यागेकोमा उनले खुशी व्यक्त गरे।
नेकपा समाजवादीका नेता राजु कार्की, नेपाल कम्युनिष्ट पार्टीका महासचिव चिरन पुनलगायत नेताले समाजवादी क्रान्ति पूरा गर्ने अठोटका साथ नेपाली कम्युनिष्ट पार्टी गठन भएको भन्दै सो पार्टीले समाजवादी आन्दोलनको अभिभारा पूरा गर्ने विश्वास दिलाए।
सो अवसरमा माओवादी केन्द्रका राष्ट्रिय महाधिवेशन आयोजक समिति सदस्य देवप्रसाद गुरुङले नवगठित पार्टीको अन्तरिम विधान र घोषणापत्र तथा १८ बुँदे एकताको आधार प्रस्तुत गरेका थिए। उनले सम्मेलनपश्चात् बन्ने केन्द्रीय समितिबाट गठन हुने कार्यदलले राजनीतिक दस्तावेज तयार गर्ने जानकारी दिए। एकीकृत समाजवादीका उपाध्यक्ष डा बेदुराम भुसालले अन्तरिम विधानका विविध विषयबारे प्रकाश पारेका थिए।

# व्यवस्था परिवर्तन भए पनि अवस्था परिवर्तन भएनः श्रेष्ठ



**ललितपुर।**
पूर्वप्रधानन्यायाधीश कल्याण श्रेष्ठले देश पटकपटक सङ्क्रमणकालीन अवस्थाबाट गुज्रिनुपरेकोमा चिन्ता व्यक्त गरेका छन्। करिब एक दशकको अन्तरमा हुने आन्दोलन नै देशको स्थिरता र विकासको बाधक भएको उनले बताए।
राष्ट्रिय एकताका लागि नागरिक पहलले बुधवार ललितपुरमा आयोजना गरेको 'राष्ट्रहित सर्वोपरी–२०८२' कार्यक्रममा उनले हरेक आन्दोलनबाट व्यवस्था परिवर्तन हुने भए पनि जनताको अवस्थामा परिवर्तन हुन नसक्दा सधैँभरी असन्तुष्टि पैदा हुने र त्यसले सङ्क्रमणकालीन अवस्था निम्त्याउने बताए।
'नेपालमा आन्दोलन धेरै भएका छन्, प्रायःजसो १० वर्षको आसपासमा विभिन्न कालखण्डमा केही न केही आन्दोलन
गरिरहन्छौँ। आन्दोलन हुने, व्यवस्था परिवर्तन हुने र परिस्थिति परिवर्तन नहुने भइराखेको छ, यस्तो सङ्क्रमणकालीन अवस्थाले मुलुकमा अस्थिरता ल्याउँछ' उनले भने।
जेन्जी प्रतिनिधि मोनिका निरौलाले दलहरुभित्र नेतृत्व हस्तान्तरण, आन्तरिक रुपान्तरण आवश्यक रहेको बताउँदै नागरिक बाँच्नका लागि विदेशिनुपर्ने अवस्थाले निराशा पैदा गरेको बताए।रासस

# नयाँ अन्तरिम सरकार गठन गरेर निर्वाचनमा जानुपर्छः पौडेल

**लुम्बिनी।**
नेपाल कम्युनिष्ट पार्टी (एमाले)का उपाध्यक्ष, पूर्व उपप्रधान तथा अर्थमन्त्री विष्णुप्रसाद पौडेलले संविधान संशोधनमार्फत नयाँ अन्तरिम सरकार गठन गरेर निर्वाचनमा जानुपर्ने बताएका छन्।
प्रेस चौतारी नेपाल रूपन्देहीले बुधवार बुटवलमा आयोजना गरेको पत्रकार सम्मेलनमा उनले जेन्जीका माग सम्बोधनका लागि संविधान संशोधन गर्नुपर्नेमा जोड दिए। 'संविधानको रक्षा गर्दै देशलाई अघि बढउन र देशलाई संवैधानिक मार्गबाट अगाडि बढाउन प्रतिनिधिसभा पुनः स्थापना अनिवार्य छ,' उनले भने, 'सङ्घीय लोकतान्त्रिक गणतन्त्रको रक्षा गर्न एमाले प्रतिबद्ध छ।'
उनले संविधान गतिशील दस्तावेज भएकाले सङ्घीय लोकतान्त्रिक गणतन्त्रलाई मजबुत बनाउँदै त्यसमा भएका कमजोरी संशोधन गर्न एमाले तयार रहेको बताए।
उनले आगामी मङ्सिर २७ गतेदेखि २९ गतेसम्म हुने एमालेको महाधिवेशनले सर्वसम्मत रूपमा नेतृत्व चयन गर्ने बताए।रासस

# एकीकृत समाजवादीमै रहन भुसालको आग्रह

**काठमाडौं।**
नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी) का महासचिव घनश्याम भुसालले आफूहरू नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) सँगको एकतामा सामेल नहुने घोषणा गरेका छन्।
बुधवार यहाँ पत्रकार सम्मेलनको आयोजना गर्दै भुसालसहितका नेताले विद्यमान नेतृत्व र कार्यशैलीका आधारमा कम्युनिष्ट पार्टी चल्न नसक्ने बताउँदै देशका विद्यामान समस्याको समाधानका लागि आफूहरूले आगामी मङ्सिरको पहिलो साता राष्ट्रिय भेलामार्फत् नयाँ रूपले सङ्गठित हुने स्पष्ट गरे।कार्यक्रममा सो पार्टीका नेताहरू धनेन्द्र बस्नेत, जीवनराम श्रेष्ठलगायत सहभागी थिए। नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) र नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी) सहित १० वामपन्थी पार्टीबीच बुधवारएकता घोषणा भएको छ।रासस

# दुर्गम क्षेत्रमा निःशुल्क वाइफाइ अभियान चलाइने

**काठमाडौँ।**
सञ्चार तथा सूचना प्रविधिमन्त्री जगदीश खरेलले देशका महत्त्वपूर्ण सार्वजनिक स्थलमा निःशुल्क वाइफाइ इन्टरनेट सेवा विस्तारका लागि सरकार प्रतिबद्धताका साथ लागिपरेको बताएका छन्। काठमाडौँका महत्त्वपूर्ण सार्वजनिक स्थानमा उपलब्ध गराइएको निःशुल्क वाइफाइ इन्टरनेट सेवाको बुधवार स्थलगत निरीक्षण गर्दै उनले सङ्घीय राजधानी काठमाडौँका संवेदनशील र महत्त्वपूर्ण सार्वजनिक स्थलका साथै काठमाडौँ बाहिरका ग्रामीण क्षेत्रमा इन्टरनेटको पहुँच विस्तारका लागि अभियानकै रूपमा निरन्तर काम गरिने प्रतिबद्धता व्यक्त गरे।
मन्त्री खरेलले १९ वटा सार्वजनिक स्थानमा निःशुल्क वाइफाइ इन्टरनेट पु¥याउन सफल भएको बताउँदै अब दुर्गम क्षेत्रका महत्त्वपूर्ण सार्वजनिक स्थलमा निःशुल्क वाइफाइ इन्टरनेटको पहुँच विस्तार गरिने बताए। उनले भने, 'काठमाडौँको १९ महत्त्वपूर्ण सार्वजनिक र संवेदनशील क्षेत्रमा निःशुल्क इन्टरनेट विस्तार ग¥यौँ। यसलगत्तै हाम्रो अभियान मुलुकको इन्टरनेट पहुँचका हिसाबले अत्यन्तै दुर्गम मानिएका सोलुखुम्बु, रामेछाप, रौतहट, गुल्मी, म्याग्दी, जुम्ला, बैतडीलगायत जिल्लाका महत्त्वपूर्ण सार्वजनिक स्थलमा निःशुल्क वाइफाइ इन्टरनेट पु¥याउने लक्ष्यअनुरूप काम अगाडि बढाइएको छ।'
सेवा विस्तारका लागि नियामक नेपाल दूरसञ्चार प्राधिकरण लागिपरेको छ। यसका साथै देशका अन्य महत्त्वपूर्ण सहर 'जहाँ जहाँ निःशुल्क वाइफाइ आवश्यक पर्छ' त्यहाँ क्रमशः विस्तार गर्दै जाने योजना बनाइएको छ। प्राधिकरणको अग्रसरतामा नेपाल टेलिकम, निजी क्षेत्रका एनसेल, वल्र्डलिङ्क, भायोनेटलगायत कम्पनीसँग समन्वय र सहकार्यका साथै समुदायको समेत साझेदारीमा यसलाई अगाडि बढाइनेछ।
सञ्चारमन्त्री खरेलले डेढ महिनाको अवधिमा दुरदराजमा हामीले छाडेका छैनौं, सुरुका दिनदेखि इन्टरनेटको पहुँच नपुगेका तीन वटा पालिका दार्चुलाको मार्मा, बझाङको तलकोट, मनाङको तिलिचो आधार शिविरमा टेलिकमको फोरजी सेवा विस्तार भएको जानकारी दिए। उनले लाइसेन्सलिनेस्थानयातायातव्यवस्था कार्यालय काठमाडौँको ठूलोभन्याङ, ललितपुरको एकान्तकुना, भक्तपुरको राधेराधेस्थित यातायात व्यवस्था कार्यालयमा निःशुल्क वाइफाइ जडानको काम भइरहेको छ।
सञ्चारमन्त्री खरेल, मन्त्रालयका सचिव राधिका अर्यालसहितको टोलिले निःशुल्क वाइफाइ इन्टरनेट विस्तारको निरीक्षण गरिन। मन्त्री खरेलले नयाँबसपार्क, टिचिङ हस्पिटल, पशुपति परिसरको आर्यघाट र त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थलमा पुगी सरकारले निःशुल्क उपलब्ध गराएको इन्टरनेश सेवाको लगइन गरी जाँच गरिन।
गत असोज ६ गते सूचना तथा सञ्चार प्रविधिमन्त्रीमा नियुक्त भएपछि मन्त्री खरेलले मन्त्रालयमा पदभार ग्रहणका क्रममा आफ्नो पहिलो निर्णयमा हस्ताक्षर गर्दै दुई महिनाभित्र काठमाडौँ उपत्यकाका महत्त्वपूर्ण सार्वजनिक स्थलमा निःशुल्क वाइफाइको पहुँच पु¥याउने निर्णय गरेका थिए। डेढ महिनाको अवधिमा नै निर्णय कार्यान्वयनमा आएको छ। उपत्यका बाहिरका महत्त्वपूर्ण १० वटा सहरमा पनि निःशुल्क वाइफाइको पहुँच पुर्‍याउने काम अघि बढेको छ। नयाँ बसपार्क, केही अस्पताल, पशुपति क्षेत्र परिसर, विमानस्थल, संवेदनशील, महत्त्वपूर्ण र सार्वजनिक सेवा प्रवाहका क्षेत्रमा निःशुल्क वाइफाइ विस्तार गरिएको हो। पाँच वटा स्थानमा नयाँ स्थापना र (निर्माणाधीन तीन) सहित आठ स्थानमा नयाँ स्थापना गरिएको छ। पहिला वाइफाइ स्थापना भइसकेका स्थानमा मर्मतसम्भार, गुणस्तर वृद्धि र क्षमतार विस्तार गरिएको छ।
निःशुल्क वाइफाइको निरन्तरता र दिगोपनाका लागि नेपाल टेलिकम, वल्र्डलिङ्क र भायनेट कम्पनीले निःशुल्क वाइफाइ इन्टरनेट सेवाका लागि सहकार्य गर्ने जनाएका छन्। सञ्चारमन्त्री खरेलको सक्रियतमा नियामक नेपाल दूरसञ्चार प्राधिकरणले सेवाप्रदायक कम्पनीसँगको समन्वयमा निःशुल्क वाइफाइ इन्टरनेटको पहुँच विस्तार गरेको हो।
प्राधिकरणका अनुसार यसअघि वीर अस्पताल, परोपकार प्रसूति गृह तथा स्त्रीरोग अस्पताल, त्रिवि शिक्षण अस्पताल महाराजगञ्ज, टेकु अस्पताल, कान्ति बाल अस्पताल, सहिद गङ्गालाल राष्ट्रिय हृदय केन्द्र, सिभिल अस्पताल, राष्ट्रिय ट्रमा सेन्टर, पाटन अस्पताल, सहिद धर्मभक्त माथेमा राष्ट्रिय उपचार केन्द्र र पशुपति मन्दिर परिसरमा १० एमबिपिएस ब्याण्डविथलाई बढाएर १५० एमबिपिएस बनाइएको छ। ती क्षेत्रमा प्रत्येक डिभाइसका लागि १०० एमबीबाट बढाएर ५०० एमबी बनाइएको छ। त्यसैगरी नेपाल टेलिकमले काठमाडौँस्थित त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थलसहित ३५ विमानस्थलमा निःशुल्क वाइफाइ विस्तार गर्ने कार्ययोजना बनाएको छ। भक्तपुर क्यान्सर अस्पतालमा छ वटा एक्सेस प्वाइन्ट र कीर्तिपुर अस्पतालमा पाँच वटा एक्सेस प्वाइन्टसहित नयाँ वाइफाइ सेवा उपलब्ध गराइएको छ।
निरीक्षणका क्रममा मन्त्री खरेलले उपत्यकाका विभिन्न सार्वजनिक स्थलपछि दुर्गम क्षेत्रमा निःशुल्क इन्टरनेट सेवा पु¥याउने गरी सरकारले काम गरिरहेको जानकारी दिनुभयो। मन्त्री खरेलले निःशुल्क सेवा सेवाको नाममात्रै हैन साच्चिकै प्रभावकारी बनाउन सम्बन्धित निकायलाई निर्देशन दिए।रासस

# मौरीपालनबाट वार्षिक १५ लाख आम्दानी



**पर्वत ।**
उमेरले ७३ वर्ष पार गरे पनि जोशजाँगर भने लक्काजवानको भन्दा कम छैन पर्वतको मोदी गाउँपालिका–२ कोरुङ्गाका टीकाराम तिमिल्सिनाको।

बिहान उठेदेखि साँझसम्म मौरीको हेरचाहमै उनको समय बित्छ । पच्चीस वर्षदेखि व्यावसायिक मौरीपालनमा लागेका तिमिल्सिना जिल्लामै मौरीबाजेको रूपमा परिचित छन् । यसअघि उनी कुनै बेला जिल्लामा सबैभन्दा बढी सुन्तला उत्पादन गर्ने किसानका रूपमा कहलिएका तिमिल्सिना सुन्तलाखेती छाडेर मौरीपालनमा आकर्षित भएका हुन्।

तीन सयभन्दा बढी सुन्तलाका बोट लगाएर गाउँमा ठूलो सुन्तला बगैँचा बनाएका तिमिल्सिना सुन्तलाका बोट मर्दै गएपछि मौरीपालनतर्फ आकर्षित भएका छन् । शुरुमा उनले मौरीपाल्न थाले । जब माहुरीको घार र महको माग बढ्न थाल्यो, उनले आफ्नो व्यवसायलाई विस्तार गर्दै लगेका हुन् ।

पहाडी भेगमा अनुकूल हुने एपी सेरेना जातको मौरी पालेएका तिमिल्सिना यो व्यावसायवाट गतिलो कमाइ गर्न सफल भएको बताउँछन् । तिमिल्सिना भने, 'यहाँ उत्पादन गरेको मह घरबाट नै बिक्री हुने गरेको छ । गुणस्तरीय मह भएकाले डुलाउँदै हिँड्नुपर्ने अवस्था छैन । मागअनुसार ग्राहकलाई पुर्याउन सकिरहेको छैन ।'

विभिन्न पालिकाले अनुदानमा वितरण गर्ने घार र मौरीको स्रोतसमेत तिमिल्सिनाको फार्म बनेको छ । कृषि ज्ञान केन्द्र तथा गाउँपालिकाको समन्वयमा गत वर्षमात्र उनले एक सयभन्दा बढी माहुरीका घार बिक्री गरेका थिए।

बगैँचामा अहिले ३५ वटा घारको स्याहार उनले गर्छन । घारको संख्या धैरै भए पनि गत बर्खामा घरको आँगनसम्मै आएको केरुङ्गाको विशाल पहिरोले केही घार बगायो । केही अरिङ्गाल चराले नष्ट गरे । गत वर्षमात्र ६० मध्ये ४० घार अरिङ्गालले खाइदिएको उनले बताए।

अहिले वर्षमा दुई सय किलो जति मह उत्पादन हुन्छ । मह प्रतिकिलोको एक हजार ५ सय रुपैयाँमा बिक्री हुन्छ । गाउँलेसहित पालिका र जिल्लाका विभिन्न कार्यालयका कर्मचारी महका ग्राहक हुन् । केही वर्ष अगाडि मौरीपालनबाटै वार्षिक १५ लाख रुपैयाँसम्म कमाएका उनको आम्दानी भने पहिलेको जस्तो छैन । जलवायु परिवर्तन, शत्रु जीव र कीराको आक्रमण, जग्गा बाँझो रहनुलगायत कारण मौरीपालनमा कठिनाइ भएको तिमिल्सिनाको अनुभव छ । विसं २०५७ बाट व्यावसायिक माहुरीपालन थालेका उनि जिल्लाकै नमूना मौरीपालक किसान छन् । उनले उत्पादन गरेको मह धैरै मात्रामा घरबाट नै बिक्री हुने गरेको छभने काठमाडौँ, चितवन, बुटवललगायत बजारमा ब्राण्ड बनिसकेको छ । कुश्माबजार, बागलुङ, क्षेत्रबाट पनि व्यावसायी घरमा नै आएर मह लैजाने गरेका छन् । मौरीसहितका घार प्रतिगोटा १० हजार रुपैयाँ र मह प्रतिकिलो एक हजार ५ सय रुपैयाँ मा बिक्री गर्दै आएको उनले बताए।

मौरीपालनमा अन्य पेसा व्यवसायजस्तो एकैपटकमा लाखौँ लगानी गर्न नपर्ने तर आम्दानी उल्लेख्य हुने भएकाले सागसब्जीखेती, पशुपन्छी तथा कुखुरापालनमाजस्तो निरन्तर खट्न पनि नपर्ने भएकाले मौरीपालनमा किसानको आकर्षण बढेको अर्का अगुवा कृषक उमाकान्त शर्माले बताए।

उनका अनुसार अहिले पर्वतका देउपुर, मल्लाज, भङ्गरा, कुर्घा, ठानामौला, पाङराङ, बाच्छा, लुंखुलगायत व्यावसायिक मौरीपालक किसानले बर्सेनि सय बढी मौरीसहितका घार उत्पादन गरेर बिक्री गर्दै आएका छन् । सोही अनुपातमा महसमेत उत्पादन भइरहेको छ । रासस

# नेप्से परिसूचकमा दोहोरो अङ्कको सुधार

**काठमाडौँ ।**
नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा दोहोरो अङ्कको सुधार देखिएको छ । बुधवार नेप्से परिसूचक १२ दशमलव १७ अङ्कले बढेर दुई हजार ६०७ दशमलव ४२ को बिन्दुमा कायम भएको हो ।

बुधबार ३ सय १२ कम्पनीको ९२ लाख १८ हजार ८ सय १० कित्ता शेयर ४२ हजार ८ सय ७९ पटक खरिदबिक्री हुँदा चार अर्ब ६८ करोड १९ लाख २२ हजार ८ सय १४ दशमलव ९६ रुपैयाँ को कारोबार भएको छ ।

कारोबारमा होटल तथा पर्यटन र म्युचुअल फण्ड समूहबाहेक अरु सबै समूहको उपसूचक बढेको छ ।

कारोबार रकम र शेयर संख्याका आधारमा बुधबार सबैभन्दा बढी युनियन हाइड्रोपावर लिमिटेडको ३८ करोड ६१ लाख ५२ हजार ४ सय ८४ रुपैयाँ बराबरको सात लाख १० हजार २ सय ५९ कित्ता शेयर किनबेच भएको छ । रासस

# सहकारी रकम हिनामिना आरोपमा सात पक्राउ

**गण्डकी ।**
कास्कीस्थित पोखरा बचत तथा ऋण सहकारी संस्था लिमिटेडको बचत रकम हिनामिना गरेको आरोपमा प्रहरीले सहकारी सञ्चालक समितिका अध्यक्ष सुरेन्द्रबहादुर गोदारसहित सात जनालाई बुधवार नियन्त्रणमा लिएको छ ।

अध्यक्ष गोदार, सचिव दिलबहादुर केसी, कोषाध्यक्ष हिरामणि दाहाल, सदस्य दोर्जे तामाङ, व्यवस्थापक भीष्मप्रसाद गुरुङ, बजार प्रमुख वेदीप्रसाद सुवेदी र पूर्वसचिव एवं वर्तमान सदस्य इन्द्रप्रसाद दुवालाई पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी एवं प्रहरी नायब उपरीक्षक हरिबहादर बस्नेतले जानकारी दिए ।

प्रदेश सहकारी रजिष्ट्रार कार्यालयले दिएको सहकारीको रकम हिनामिनासम्बन्धी छानबिन प्रतिवेदनका आधारमा निजहरूलाई पक्राउ गरिएको उनले बताए । उनका अनुसार वित्तिय विश्लेषक निर्मल गौतमको समितिले गरेको अध्ययन अनुसार सहकारीको करिब ८९ करोड रुपैयाँ हिनामिना भएको देखिएको छ ।

संस्थाका पदाधिकारी, व्यवस्थापक र कर्मचारीको मिलेमतोमा सहकारीको बचत रकम अपचलन गरिएको प्रतिवेदनले औँल्याएको छ । पक्राउ परेकालाई अदालतबाट म्याद थप गरी अनुसन्धान शुरु गरिएको प्रहरीले जनाएको छ । रासस

# धानखेती क्षेत्र घट्यो उत्पादन बढ्यो



**बाँके ।**
बाँके जिल्लामा धानखेती गर्ने क्षेत्र घट्दै गए पनि गत वर्षको तुलनामा उत्पादनमा भने वृद्धि भएको छ ।

यस वर्ष ३४ हजार ७ सय ११ हेक्टरमा धानखेती गरिएकोमा प्रति हेक्टर ४.६ मेट्रिक टन उत्पादन भई कुल एक लाख ६० हजार मेट्रिक टन धान उत्पादन भएको कृषि ज्ञान केन्द्र बाँकेका कृषि प्रसार अधिकृत खडक बस्नेतले बताए ।

उनका अनुसार, गत वर्ष ३४ हजार ५ सय २ हेक्टरमा धान खेती गरिएकोमा प्रति हेक्टर ४.२ मेट्रिक टनका दरले एक लाख ४५ हजार मेट्रिक टन धान उत्पादन भएको थियो । यस वर्ष शुरुदेखिनै अनुकूल मौसमले समयमा रोपाइँ हुनुका साथै वर्षामा क्षति पनि नभएकाले यस वर्ष गत वर्षभन्दा १५ हजार मेट्रिक टन बढी धान उत्पादन हुने भएको छ ।

यसैबीच खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडले बाँकेका किसानबाट धान खरिदका लागि मूल्य निर्धारण गरिएको छ । प्रमुख जिल्ला अधिकारी दिलबहादुर तामाङको अध्यक्षतामा मङ्लबार बसेको प्राथमिक खरिद समितिको बैठकले मोटा धान प्रतिक्विन्टल तीन हजार ४ सय ६३ रुपियाँ ८१ पैसा र मध्यम धानप्रति क्विन्टल तीन हजार ६ सय २८ रुपियाँ ३३ पैसामा खरिद गर्ने गरी मूल्य निर्धारण गरेको हो ।

मूल्य निर्धारणको काम गरिए पनि आन्तरिक तयारी गरी आइतबारदेखि मात्रै किसानबाट धान खरिद शुरु गरिने खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडले बाँकेका प्रमुख रामशरण लामिछानेले जानकारी दिए ।

उनका अनुसार जिल्लामा यस वर्ष मोटा धान १५ हजार क्विन्टल र मध्यम धान पाँच हजार क्विन्टल किसानबाट खरिद गर्ने निर्णय भएको छ । गोदाम व्यवस्थापनलगायतका अन्य प्राविधिक काम सकेर आइतवबारदेखि किसानबाट धान खरिद गर्ने तयारी भएको छ । रासस

# पाक्न लागेको धानबालीमा वर्षाले क्षति

**इलाम ।**
पाक्न लागेको धानबालीमा वर्षाले क्षति पु¥याएपछि किसानहरु चिन्तित भएका छन् । कात्तिक १३ देखि १५ सम्मको अविरल वर्षाले जिल्लाको दशवटै पालिकामा पाक्न लागेको धानबालीमा क्षति गरेपछि किसानहरु चिन्तित भएका हुन् ।

पाक्न लागेको धानबालीमा वर्षाले क्षति गरेको माङसेबुङ गाउँपालिका–३ सिङलाबुका किसान मनिस सुनुवारले बताए । 'मेरो १५ रोपनी क्षेत्रमा लगाएको धानबाली ढलेर सोत्तर भएको छ,' उनले भने, 'प्रमुख बालीको रुपमा लगाउँदै आएको धान ढलेर सोत्तर भएपछि समस्या पर्ने चिन्तामा छु ।'

निरन्तरको वर्षाले खेतमा पाक्न लागेको धानबाली सबै लडाएर अपुरणीय क्षति भएको अर्का किसान आइन्द्र योङहाङको दुःखेसो छ । 'धान भित्र्याउने बेला वर्षाले सबै जमिनमै मिलाइदिएको छ,' उनले भने, 'बेला न कुबेला आएको वर्षाले किसानलाई मारमा पाऱ्यो ।'

खेतमा ढलेर करिब ५० प्रतिशत धानबालीमा क्षति पुगेको उनको भनाइ छ । माङसेबुङका सैयौँ किसानको धानबालीमा क्षति पु¥याएको छ । उता फाकफोकथुम गाउँपालिकामा पनि वर्षाले सयौँ किसानको धानबालीमा क्षति पुगेको किसानहरुको दुःखेसो गरेका छ । फाकफोकथुम–७ का पञ्च योङहाङले पाक्नै लागेको धानबाली लगातारको वर्षाले सबै ध्वस्त बनाएको बताए । 'निरन्तर परेको पानीले सबै खेतको धान पूरै भाँचिएर जमिनमा मिलाइदिएको छ,' उनले भने, 'हिउँदमा समेत बर्खामा झैँ परेको पानीले किसानलाई बिजोग बनायो ।'

जिल्लाको तल्लो क्षेत्रका किसानले लगाएको धान पाक्न लागेको बेलामा कात्तिके वर्षाले व्यापक क्षति गरेपछि किसान चिन्तित बनेका छन् । इलामको तल्लो क्षेत्रअर्थात् चुलाचुली गाउँपालिका, माई नगरपालिका तथा माङसेबुङ, फाकफोकथुम, रोङ, माईजोगमाई, सन्दकपुर गाउँपालिका र देउदेमाई, इलाम र सूर्योदय नगरपालिकाका तल्लो क्षेत्रमा धानखेती हुनेगरेको छ ।

माई नगरपालिका र रोङ गाउँपालिका किसानले उन्नत जातको सावित्री र रञ्जित खेती गर्ने गर्छन् । अन्य क्षेत्रका किसानले रैथाने बेलकुटी, चिराखे, अटे, चुल्ठे, भँगेरे, टिमुरे, बयर्नी, रामतुलसी, रुदुवा, नानिया, चम्पासरी, तापमारालगायत जातका धानखेती गर्ने गरेको कृषि ज्ञान केन्द्रका प्रमुख रविकिरण अधिकारीले बताए ।

इलामको माई र इलाम नगरपालिका सहित चुलाचुली गाउँपालिकामा सबैभन्दा धैरै धानखेती हुँदै आएको छ । इलाममा १४ हजार ८ सय १५ हेक्टर क्षेत्रफलमा धानखेती हुने गरेको कृषि ज्ञान केन्द्रको तथ्याङ्क छ । रासस

# ३४ वर्षीय ममदानी बने न्युयोर्कको मेयर

३४ वर्षीय जोहरान ममदानी न्युयोर्कको मेयरमा निर्वाचित भएका छन् । आधिकारिक रुपमा घोषणा हुन बाँकी रहेपनि न्युयोर्क टाइम्सले उनले जितका लागि चाहिने ५० प्रतिशत मत कटाएको जनाएको छ ।



चुनावमा उनी यसअघिनै विजयी हुने प्रक्षेपण विभिन्न सञ्चार माध्यामहरुले गरेका थिए । पछिल्लो समय भएका 'एक्जिट पोल' हरुले समाजवादी प्रगतिशील उम्मेद्वारका रुपमा रहेका ममदानीले न्युयोर्कको मेयरमा सबैभन्दा बलिया दाबेदार मानिएको थियो ।

ममदानीले ५०% भन्दा बढी मत ल्याउँदै विजयी भएका हुन् । उनले ९ लाख ४८ हजारभन्दा धेरै मतदाताहरूले उनीप्रति समर्थन जनाएका छन् । दोस्रो स्थानमा न्युयोर्कका पूर्व गभर्नर तथा स्वतन्त्र उम्मेदवार एन्ड्रु कुओमो रहे । उनले ४१% अर्थात् झन्डै ७ लाख ७६ हजार मत पाए ।

त्यस्तै, रिपब्लिकन पार्टीका कर्टिस स्लिभा ७.३% अर्थात् करिब १ लाख ३७ हजार मतसहित तेस्रो स्थानमा रहे ।

मामदानि पछिल्ला सय वर्षमा न्युयोर्कका सबैभन्दा युवा मेयरमात्रै होइनन्, उनी पहिलो भारतीय आमा र युगान्डाका बुबाका सन्तानका रुपमा रहेका छन् । साथै उनी पहिलो मुस्लिम मेयर पनि बनेका छन् । जितपछि उनले सामाजिक सञ्जालमार्फत एक भिडियो शेयर गर्दै धन्यवाद व्यक्त गरेका छन् ।

त्यस्तै पूर्व डेमोक्र्याट सांसद र सिआइए एजेन्ट एबिगेल स्प्यानबर्गर भर्जिनियाको आगामी गभर्नर बन्ने भएकी छिन् । डेमोक्र्याट सांसद माइकी शेरिल न्युजर्सीकी पहिलो महिला डेमोक्र्याट गभर्नर बन्ने छिन् ।

बुधबार रातिको मतदानलाई ट्रम्पको दोस्रो कार्यकालपछि भएको पहिलो ठूला चुनावी परीक्षा मानिएको छ । सिएनएनको प्रारम्भिक 'एक्जिट पोल' अनुसार, सबैभन्दा धैरै ध्यानाकर्षित चारै चुनावमा राष्ट्रपति डोनाल्ड ट्रम्पप्रतिको असन्तुष्टहरुनै हावी भएसँगै ट्रम्पलाई पहिलो र ठूलो झट्का लागेको छ ।

ट्रम्पले न्युयोर्कका जनतालाई चेतावनी दिंदै यदि स्वतन्त्र उम्मेदवार एन्ड्र्यु कुओमो र रिपब्लिकन कर्टिस स्लिवालाई हराउँदै मामदानि विजयी भएमा न्युयोर्क सिटीलाई दिइने संघीय सहयोग कटौती गर्ने बताएका थिए । एजेन्सी

# महायज्ञ शुरु नहुँदै मानव सेवा आश्रमका लागि जुट्यो एक करोड

**बागलुङ।**
मानव सेवा आश्रम बागलुङको भवन निर्माणका लागि सहयोग जुटाउन महायज्ञ शुरु गर्न अघि नै एक करोड रुपैयाँ सङ्कलन भएको छ। कात्तिक २१ गतेदेखि २८ गतेसम्म निरयघाटमा महायज्ञ आयोजना गर्न लागिए पनि त्यसभन्दा अघि नै रकम जम्मा भइसकेको मानव सेवा आश्रमका अध्यक्ष रामजीप्रसाद अधिकारीले जानकारी दिए।

आश्रमका लागि विभिन्न व्यक्ति र धौलागिरिका पालिकाहरुबाट रकम प्राप्त भएको उनको भनाइ छ । महायज्ञबाट १० करोड रुपैयाँ सङ्कलन गर्ने लक्ष्य लिइएको छ । त्यसबाट तीन वर्षअघि निर्माण शुरु भएको भवन निर्माणमा पाँच करोड रुपैयाँ गर्ने र बाँकी रकमको अक्षयकोष स्थापना गरिने अध्यक्ष अधिकारीले बताए।

हालसम्म बागलुङ नगरपालिका, म्याग्दीको रघुगङ्गा गाउँपालिकासहित बागलुङ नगरपालिका–३ गुठीका उज्जवल खड्काले भवनको एक कोठा निर्माणका पाँच लाख ११ हजार १ सय ११ रुपैयाँ सहयोग गरेको उनको भनाइ छ।

उनका अनुसार बागलुङ नगरपालिका–३ का स्वर्गीय लालबहादुर राजभण्डारी र महालक्ष्मी राजभण्डारीको स्मृतिमा उहाँको परिवारबाट पाँच लाख ११ हजार १ सय ११ रुपैयाँ, देउरालीचोक आमा समूहबाट एक लाख रुपैयाँ, गलकोट नगरपालिका–३ का लिला साहनीको परिवारले ५० हजार रुपैयाँ, नगरपालिका–३ का रुद्रा केसीबाट ५१ हजार १ सय ११ रुपैयाँ, रेनुका अधिकारीको परिवारबाट ५० हजार ५ सय ९८ रुपैयाँ सहयोग प्राप्त भएको अध्यक्ष अधिकारीले बताए।

अध्यक्ष अधिकारीले भने, 'मानव सेवा आश्रमका लागि महायज्ञ शुरु नहुँदै सहयोग आउने क्रम जारी छ, यसले हामीलाई थप ऊर्जा थपेको छ, हामीहरु निरन्तर लागि रहेका छौँ, धौलागिरिका बागलुङसहित पर्वत, म्याग्दी र मुस्ताङका पालिकासँग सहयोग मागेका छौँ।'

निर्माणाधीन भवन आगामी चैतभित्र सम्पन्न गर्ने लक्ष्य रहेको मानव सेवा आश्रम बागलुङकी सञ्चालक विपना तामाङले बताए । महायज्ञमा भागवत् भाष्कर कमलनयन गौतमले कथा वाचन गर्नुहुने उनको भनाइ छ । २ सय जना सहयोगापेक्षीलाई सेवा प्रदान गर्न सकिने भवन निर्माण र अक्षयकोष वृद्धि गर्ने उद्देश्यले महायज्ञ आयोजना गरेको तामाङले बताए।

आश्रम निर्माणमा हालसम्म पाँच करोड रुपैयाँभन्दा बढी खर्च भएको उनको भनाइ छ।

हाल आश्रमको बागलुङ शाखामा मात्रै ६४ जना सहयोगापेक्षीले आश्रय लिएका छन् । उनीहरूको पालनपोषण र रेखदेखमा मासिक १० लाख रुपैयाँ भन्दा बढी खर्च हुने गरेको सञ्चालक तामाङले बताए।रासस

# रुकुमेलीले जोगाउँदै 'सिद्ध साइँकुमारी मेला'

**बाँके।**
नेपालगञ्जको कण्ठिपुरमा यतिबेला बेग्लै रौनक छ । रुकुमबाट बसाइँ सरेर आएकाहरुले प्रसिद्ध सिद्ध साइँकुमारी मेलामा जुटेपछि रौनक छाएको हो । रुकुमबाट बसाइँसराइ गरी नेपालगञ्ज क्षेत्रमा आएका रुकमेलीहरुले रुकुममा प्रसिद्ध सिद्ध साइँकुमारी मेलाको सम्झनामा यहाँ मेला आयोजना गरेको मन्दिर व्यवस्थापन तदर्थ समितिका अध्यक्ष कलबहादुर वलीले बताए । 'सिद्ध साइँकुमारी मेला संस्कृतिको संरक्षण गर्दै आपसी एकता र सामाजिक सद्भावको लागि मेला आयोजना गरिएको छ', उनले भने 'मन्दिरलाई थप व्यवस्थित गर्दै सिद्ध साइँकुमारी मेला परम्परालाई नेपालगञ्जमा स्थापित गर्न हामी लागि परेका छौँ ।' नेपालगञ्ज उपमहानगरपालिका–१९ कण्ठिपुरस्थित सिद्ध साइँकुमारी देवी भगवती मन्दिर परिसरमा शुरु भएको यो मेला एउटा धार्मिक पर्व मात्र नभएर रुकुमबाट बसाइ सरेर आएकाहरूको आपसी एकता र सामाजिक सद्भावको कडी भएको वलीको भनाइ छ।

सोमबारदेखि शुरु भएको यो मेलामा दिनभर विशेष पूजाआजा हुने गरेको छ भने रातभर रुकुमको लोक संस्कृति झल्किने सांस्कृतिक गीत तथा नृत्य प्रस्तुत गरिन्छ । मेला हेर्नका लागि स्थानीयको बाक्लो उपस्थिति रहने गरेको मन्दिर व्यवस्थापन समितिका सचिव शम्भु नाथ बताउछन । यो मेला बुधवार रातिसम्म सञ्चालन हुने जानकारी उनले दिए।

सिद्ध साइँकुमारी मेलाले आफ्नो मौलिक परम्परालाई जीवन्त राख्दै नयाँ पिँढीलाई आफ्नो परम्परा र संस्कृतिबारे जानकारी हुने गरेको उनको भनाइ छ । मेलामा बाँके जिल्लाका अन्य स्थानीय तहबाट सर्वसाधारणको सहभागिता हुने गरेको छ।रासस

# विद्युत् महसुल विवाद समाधानको दिशामा

**काठमाडौँ।**
डेडिकेटेड र ट्रङ्कलाइनको महसुलसम्बन्धी विवाद क्रमशः समाधानको दिशामा पुगेको छ । उद्योगी तथा व्यवसायीले प्राधिकरणले तय गरेको २८ वटा किस्तामध्ये पहिलो किस्ता शर्तसहित तिर्न तयार भएपछि विवाद समाधान हुनेतर्फ अघि बढेको हो।

उद्योगी तथा व्यवसायीले पहिलो किस्ता बुझाएको १५ मिनेटभित्रै काटिएका लाइन जोडन नेपाल विद्युत् प्राधिकरण समेत तयार भएको छ।

सोमबारमात्रै चार वटा उद्योगले पहिलो किस्ता जम्मा पारेको १५ मिनेटमा नै प्राधिकरणले बिच्छेद गरिएको लाइन जोडिदिएको थियो । यसबाट पनि क्रमशः सकारात्मक वातावरण बनेको अनुमान गर्न सकिन्छ।

नेपाल उद्योग वाणिज्य महासङ्घको सचिवालयमा सोमबार आयोजित पत्रकार सम्मेलनमा महासङ्घका अध्यक्ष चन्द्रप्रसाद ढकालले प्राधिकरणले दिएको २८ किस्ताको सुविधामध्ये पहिलो किस्ताको रकमलाई किस्ताका रुपमा नलिई धरौटीका रुपमा बुझाएपछि काटिएको लाइन जोडिने जानकारी दिए। पहिलो किस्तालाई किस्ताका रुपमा नमानी धरौटीका रुपमा बुझाएपछि उद्योगीहरु पुनरावलोकनमा जाने र सँगै अन्य कानुनी उपचार खोज्न पनि सक्नेछन्।

प्रधानमन्त्री सुशीला कार्की, अर्थमन्त्री रामेश्वर खनाल, ऊर्जा जलस्रोत तथा सिँचाइमन्त्री कुलमान घिसिङ, उद्योग वाणिज्यमन्त्री अनिल सिन्हा, मुख्यसचिव एकनारायण अर्याल, सचिवहरु र नेपाल उद्योग वाणिज्य महासङ्घका अध्यक्ष ढकालबीच सोमबार भएको छलफलबाट डेडिकेटेड र ट्रङ्कलाइन विवाद समाधानको मध्यमार्गी प्रस्ताव गरिएको थियो।

प्रस्तावअनुसार उद्योगीले प्राधिकरणले यसअघि रकम बुझाउने गरी दिएको सुविधा २८ किस्ताको एक किस्ता बराबरको रकमलाई किस्ताको रुपमा नभइ विवादित रकम मानि धरौटीका रुपमा बुझाएपछि काटिएको विद्युतको लाइन तुरुन्त जोडिनेछ । धरौटी रकम बुझाएपछि उद्योगीहरु पुनरावलोकनमा जानेसँगै अन्य कानुनी उपचार पनि खोज्न सक्नेछन्।

सम्बन्धित उद्योगीले प्राधिकरणमा धरौटी बुझाउँदा नै सोही निवेदनमा आफ्नो असहमति समेत राखी पुनरावलोकन एवं अन्य व्यहोरा उल्लेख गरी पेस गर्न सक्नेछन् । समस्या समाधानका लागि महासङ्घ अध्यक्ष ढकालले आइतबार पनि प्रधानमन्त्री कार्की, अर्थमन्त्री खनाललगायत उच्च अधिकारीसँग भेट गर्नुभएको थियो । त्यसलगत्तै सम्बन्धित उद्योगीलाई महासङ्घमा आमन्त्रित गरी छलफल गरिएको थियो।

उद्योगीहरुले महासङ्घ अध्यक्षलाई छलफल गर्दा किस्ता रकम नभनी विवादित रकमको धरौटीका रुपमा प्राधिकरणले स्वीकार गरी कानुनी उपचारको अवसर प्राप्त भए सहमति हुन सकिने बताएका थिए । अहिले करिब दुइ दर्जन उद्योगको डेडिकेटेड र ट्रङ्कलाइन प्रयोग गरेवापतको प्रिमियम रकम नबुझाएको भन्दै प्राधिकरणले लाइन काटेको छ।

लामो समयदेखि विवाद समाधानका लागि अनेकन प्रयास भएपनि सार्थक समाधान हुन सकेको थिएन । पछिल्लो पटक सरकार र उद्योगी व्यवसायीबीच छलफलका आधारमा मध्यमार्गी प्रस्ताव तयार पारेर समाधानको उपाय निकालेका हुन्। प्राधिकरणले पनि पहिलो किस्ताको रकम उपलब्ध गराए लाइन जोडिने प्रष्ट पारिसकेकाले विवाद तत्कालका लागि समाधान हुने स्पष्ट भएको छ । डेडिकेटेड र ट्रङ्कलाइन वापतको झण्डै आठ अर्ब रुपैयाँ बराबरको रकम उद्योगीले तिर्नुपर्ने प्राधिकरणले जनाउँदै आएको छ।रासस

# आगलागीका घटनामा बढोत्तरी



**काठमाडौँ।**
सावधानी र जनचेतनाको अभावमा आगलागीका घटनामा वृद्धि भएको पाइएको छ । राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका अनुसार यही कात्तिक १७ देखि १८ गते बिहानसम्म देशभर नौ वटा आगलागीका घटना भएका छन्।

प्राधिकरणका अनुसार झापा, मोरङ, महोत्तरी, सर्लाही, रौतहट, बारा, गोरखा, पर्वत र कैलालीमा आगलागीका घटना भएका छन् । देशभर कूल १८ वटा विपद्का घटना घटेका छन्। ती घटनामा परेर तीन जनाको ज्यान गएको छ भने आठ जना घाइते भएका छन्। प्राधिकरणका अनुसार करिब ११ लाख रुपैयाँ क्षति भएको छ।

यस्तै, रसुवामा हावाहुरीका कारण क्षति पुगेको छ । गोसाइँकुण्ड गापा–४ लाङटाङस्थित हावाहुरी र माथिबाट खसेको हिमपहिरोका कारण स्थानीय होटलमा क्षति पुगेको छ । भोजपुर, खोटाङ र ललितपुरमा पहिरोका घटना भएका छन्।

दोलखाको गौरीशङ्कर गापा–९ स्थित येलुङ रि हिमाल आरोहणका लागि गएका नेपाली पथप्रदर्शक तथा विदेशी नागरिक समेत गरी १२ जना गएकामा हिमाल आरोहण गर्ने क्रममा हिउँ पहिरोमा परी चार जना विदेशी नागरिक बेपत्ता भएका छन् । दुई नेपाली र एक विदेशी गरी तीन जनाको मृत्यु र पाँच नेपाली घाइते भएका छन्।

गोरखाको चुननुब्रीमा हिमपातका कारण प्रभावित भएकालाई उद्धार गरिएको छ । सिरहा, तनहुँ र कैलालीमा भने सर्पदंशकारण तीन जना घाइते भइ उपचारका क्रममा छन्।रासस

# काठमाडौँका १९ स्थानमा निःशुल्क वाइफाइ




**काठमाडौँ।**
काठमाडौँका विभिन्न १९ सार्वजनिक स्थानमा अबदेखि निःशुल्क वाइफाइ इन्टरनेट उपलब्ध हुने भएको छ। सञ्चार तथा सूचना प्रविधिमन्त्री जगदीश खरेलको पहलमा विभिन्न अस्पताल, पशुपतिनाथ मन्दिर क्षेत्र परिसर, विमानस्थलका साथै संवेदनशिल, महत्वपूर्ण र सार्वजनिक सेवा प्रवाह हुने क्षेत्रमा निःशुल्क वाइफाइ इन्टरनेटसेवा विस्तार भएको हो।

मन्त्रालयका अनुसार यसअघि नै वाइफाइ इन्टरनेट सेवा उपलब्ध भएका स्थानमा मर्मतसम्भार, गुणस्तर वृद्धि र क्षमता विस्तार गरिएको छ भने तीन निर्माणाधीनसहित आठ स्थानमा नयाँ जडान गरिएको हो।

मन्त्रालयका अनुसार अब काठमाडौँको नयाँ बसपार्क, भक्तपुर अस्पताल, भक्तपुर क्यान्सर अस्पताल, कीर्तिपुर अस्पताल र त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थलमा नयाँ स्थापना र क्षमता विस्तारसहित सञ्चालनमा वाइफाइ सेवा उपलब्ध हुनेछ।

साथै काठमाडौँको ठूलोभ¥याङ यातयात व्यवस्था कार्यालय र ललितपुरको एकान्तकुनास्थित यातायात व्यवस्था कार्यालयमा स्थापना र क्षमता अभिवृद्धिको काम भइरहेको छ । भक्तपुरको राधेराधेस्थित यातायात व्यवस्था कार्यालयमा नयाँस्थापनाको क्रममा रहेको मन्त्रालयको भनाइ छ।

निःशुल्क वाइफाइको निरन्तरता र दिगोपनाका लागि सम्बन्धित संस्थाले सेवाप्रदायक कम्पनीसँग सम्झौता भइसकेको छ । नेपाल टेलिकम, वल्डलिङ्क र भायनेट कम्पनीले निःशुल्क वाइफाइ इन्टरनेट स्थापनाका लागि सहकार्य गरेका छन्।

सञ्चारमन्त्री खरेलको विशेष सक्रियतमा नियामक नेपाल दूरसञ्चार प्राधिकरणले सेवाप्रदायक कम्पनीसँगको समन्वयमा निःशुल्क वाइफाइ इन्टरनेटको पहुँच विस्तार गरेको हो।

प्राधिकरणका अनुसार यसअघि वीर अस्पताल, परोपकार प्रसुति गृह तथा स्त्री रोग अस्पताल, त्रिवि शिक्षण अस्पताल महाराजगञ्ज, टेकु अस्पताल, कान्ति बाल अस्पताल, सहिद गङ्गालाल राष्ट्रिय हृदय केन्द्र, सिभिल अस्पताल, राष्ट्रिय ट्रमा सेन्टर, पाटन अस्पताल, सहिद धर्मभक्त माथेमा राष्ट्रिय उपचार केन्द्र र पशुपति मन्दिर परिसरमा १० एमबिपिएस ब्याण्डविथलाई बढाएर १५० एमबिपिएस बनाइएको छ । ती क्षेत्रमा प्रत्येक डिभाइसका लागि १०० एमबीबाट बढाएर ५०० एमबी बनाइएको छ।

त्यसैगरी नेपाल टेलिकमले काठमाडौँस्थित त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थलसहित ३५ विमानस्थलमा निःशुल्क वाइफाइ विस्तार गर्ने कार्ययोजना बनाएको छ।

भक्तपुर क्यान्सर अस्पतालमा छ वटा एक्सेस प्वाइन्ट र कीर्तिपुर अस्पतालमा पाँच वटा एक्सेस प्वाइन्टसहित नयाँ वाइफाइ सेवा उपलब्ध गराइएको छ । गत असोज ६ गते सूचना तथा सञ्चार प्रविधिमन्त्रीमा नियुक्त भएपछि मन्त्री खरेलले मन्त्रालयमा पदभार ग्रहणका क्रममा आफ्नो पहिलो निर्णयमा हस्ताक्षर गर्दै दुई महिनाभित्र काठमाडौँ उपत्यकाका महत्वपूर्ण सार्वजनिक स्थलमा निःशुल्क वाइफाइको पहुँच पुर्याउने निर्णय गर्नुभएको थियो । मन्त्रालयका अनुसार उपत्यका बाहिरका महत्वपूर्ण दस वटा सहरमा पनि निःशुल्क वाइफाइ इन्टरनेटको पहुँच पुर्याउने काम अघि बढेको छ।

निःशुल्क वाइफाइ इन्टरनेट सेवा सञ्चालनको अनुगमनका लागि सञ्चारमन्त्री खरेलसहितको टोली आज बिहान ११ बजेदेखि दिउँसो १ बजेसम्म नयाँ बसपार्क, त्रिवि शिक्षण अस्पताल, पशुपति क्षेत्र र त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थल जाने कार्यक्रम छ।रासस

# विश्वविद्यालयको तीन सय बिघा जग्गा अतिक्रमण

**कञ्चनपुर।**
सुदूरपश्चिम विश्वविद्यालयको तीन सय बिघा जग्गा अतिक्रमण भएको छ।

सुदूरपश्चिम विश्वविद्यालयका उपकुलपति हेमराज पन्तका अनुसार विश्वविद्यालयको आङ्गिक क्याम्पस टीकापुर बहुमुखी क्याम्पसको तीन सय ८० बिघामध्ये तीन सय बिघा जग्गा अतिक्रमण भएको छ ।

विसं २०६२ मा टीकापुर विकास समितिले क्याम्पस स्थापनाका लागि तीन सय ८० बिघा जग्गा क्याम्पसलाई प्रदान गरेको भए पनि क्याम्पसले हालसम्म ८० बिघामात्र भोगचलन गर्न पाएको छ । तीन सय बिघा जमिन मुक्तकमैया तथा सुकुम्बासीका नाममा अतिक्रमण भएको छ।

अतिक्रमित जग्गा फिर्ता ल्याउनका लागि विश्वविद्यालयले पटकपटक सङ्घ र प्रदेशसरकारसमक्ष आग्रह गरे पनि सुनुवाइ नभएको उपकुलपति पन्तले दुखेसो गरे।

हालै विश्वविद्यालय कार्यकारी परिषद्ले निर्णय गरेर अतिक्रमित जग्गा फिर्ता ल्याउन उच्चस्तरीय छानबिन आयोग गठनको माग गरेको छ।

विश्वविद्यालयको जग्गा अतिक्रमण गरेकालाई विभिन्न राजनीतिक पार्टीको संरक्षण भएकाले हटाउन समस्या भएको हो।रासस

# राजदूत फिर्ता बोलाउने निर्णयप्रति बारको ध्यानाकर्षण

**काठमाडौँ।**
नेपाल बार एसोसिएसनले राजदूत फिर्ता बोलाउने निर्णयका सम्बन्धमा सर्वोच्च अदालतमा मुद्दा विचाराधीन अवस्थामा रहेकाले उक्त निर्णयप्रति गम्भीर ध्यानाकर्षण भएको जनाएको छ।

बारका महासचिव केदारप्रसाद कोइरालाले बुधवार जारी गरेका प्रेस विज्ञप्तिमा हालै राजदूत फिर्ता बोलाउने नेपाल सरकारको निर्णयका सन्दर्भमा सर्वोच्च अदालतमा मुद्दा विचाराधीन भई अन्तरिम आदेश जारी भइरहेको अवस्थामा सम्बन्धित राजदूतलाई सरकारले परराष्ट्र मन्त्रालयमा काम, काज गर्नेगरी फिर्ता बोलाइएकोप्रति गम्भीर ध्यानाकर्षण भएको उल्लेख छ।

'अदालतको फैसला वा आदेशको परोक्ष रूपले पालना नगर्ने कार्यले स्वेच्छाचारिताको प्रवद्र्धन गर्दछ', विज्ञप्तिमा भनिएको छ, 'अदालतको आदेश वा फैसला अक्षरसः पालनाका लागि अनुरोध गर्दै अदालतप्रतिको आस्थामा आँच आउने कुनै पनि कार्य नगर्न सम्बन्धित सबैमा हार्दिक अपिल गर्दछौँ।'

बारले अदालतको फैसला वा आदेशउपर स्वस्थ, प्राज्ञिक छलफल गर्न सकिए पनि उक्त फैसला वा आदेश प्रत्यक्ष वा परोक्ष रूपले पालना गर्नु सबैको कर्तव्य भएको जनाएको छ।

विज्ञप्तिमा भनिएको छ, 'संवैधानिक प्रावधान, संविधानवाद, स्वतन्त्र न्यायपालिकासम्बन्धी अवधारणा एवं मुलुकले अङ्गीकार गरिआएको संविधानको धारा १२८ को उपधारा (४) का आधारमा प्रत्यक्ष वा अप्रत्यक्ष कुनै तवरबाट अदालतको आदेशभन्दा फरक परिणाम निकाल्ने कार्य अदालतको आदेशको अवज्ञा मात्र नभई विधिको शासनलाई कमजोर पार्ने कार्य हो।'रासस

# कटुवा पेस्तोलसहित दुई पक्राउ



**मधेशदृष्टि**
**वीरगंज ।**
सशस्त्र प्रहरी पर्साले कटुवा पेस्तोलसहित दुई जनालाइ पक्राउ गरेको छ । नेपाल–भारत सीमा स्तम्भ नजिकैबाट बुधबार अपरान्ह कटुवा पेस्तोलसहित दुई जनालाई पक्राउ गरिएको सशस्त्र प्रहरीले जनाएको छ । गस्ती गर्ने क्रममा सीमा स्तम्भ नम्बर ३९०–२२ बाट कटुवा पेस्तोलसहित उनीहरुलाई पक्राउ गरिएको सशस्त्र प्रहरी बल पर्साका प्रवक्ता विश्वराज योन्जनले बताए ।

उनका अनुसार पक्राउ पर्नेमा वीरगंज महानगरपालिका–५ कुम्हाल टोल निवासी १८ वर्षका सुमित कुमार मण्डल र जीतपुरसिमरा उपमहानगरपालिका–८ का २८ वर्षका सन्जय कुमार साह कलवार छन् । झाडीमा लुकिछिपी बस्दै गरेका उनीहरुका साथमा रहेको बोराभित्रबाट कटुवा पेस्तोल बरामद भएको प्रवक्ता योन्जनले बताए ।

पक्राउ परेकाहरुलाइ आवश्यक कारबाहीका लागि जिल्ला प्रहरी पर्साको जिम्मा लगाइएको छ । यसबारे थप अनुसन्धान भइरहेको पर्सा प्रहरीले जानकारी दिएको छ ।

# स्वास्थ्यकर्मीको विरोध प्रदर्शन

**मधेशदृष्टि**
**वीरगंज ।**
निजी अस्पतालमा कार्यरत पारामेडिकल स्वास्थ्यकर्मीहरूले लामो समयदेखि भोग्दै आएको श्रम शोषण, न्यून पारिश्रमिक र दमनकारी व्यवहारविरुद्ध बुधबार सशक्त विरोध प्रदर्शन गरेका छन् । नेपाल पारामेडिकल एसोसिएसन वीरगंज महानगरसँग आबद्ध सिएमए, स्टाफ नर्स, अनमी, हेल्थ असिस्टेन्ट, रेडियोग्राफर, फार्मासिस्ट, फिजियोथेरापिस्टलगायतका स्वास्थ्यकर्मीले सरकारी मापदण्डअनुसार तलब, सेवा सुविधा र श्रम अधिकार सुनिश्चित गर्न माग गर्दै ¥याली निकालेका हुन् । बिहान नारायणी अस्पताल अगाडि जम्मा भएका प्रदर्शनकारीहरूले नारा लगाउँदै घण्टाघरमा ¥याली निकालेका थिए ।

¥याली घण्टाघर पुगेर कोणसभामा परिणत भएको थियो । कोणसभालाई सम्बोधन गर्दै एसोसिएसनका अध्यक्ष विनय साहले निजी अस्पताल सञ्चालकहरूमाथि माफिया तन्त्र चलाएको आरोप लगाए । त्यस्तै सहसचिव कलामुदीन अन्सारीले स्वास्थ्य मन्त्रालयले पटकपटक दिएको निर्देशनको बेवास्ता गर्दै निजी अस्पतालले सरकारभन्दा माथि आफूलाई ठानेको बताए ।

कोणसभापछि स्वास्थ्यकर्मीले आफ्ना माग समेटिएको ज्ञापनपत्र पर्साका प्रमुख जिल्ला अधिकारी भोला दाहाललाई बुझाएका छन् ।

# प्रधानमन्त्री कार्की र पूर्वराष्ट्रपति यादवबीच भेट



**काठमाडौँ ।**
प्रधानमन्त्री सुशीला कार्की र पूर्वराष्ट्रपति डा. रामवरण यादवबीच बुधबार प्रधानमन्त्री निवास बालुवाटारमा भेटवार्ता भएको छ । भेटमा दुबै नेताबीच आगामी निर्वाचनको तयारी, राजनीतिक वातावरण र देशको वर्तमान अवस्थाबारे विस्तृत छलफल भएको प्रधानमन्त्रीका प्रेस संयोजक राम रावलले जानकारी दिएका छन् ।

प्रधानमन्त्री कार्कीले जेन्जी आन्दोलनको भावनाअनुसार सुशासन स्थापना र लोकतान्त्रिक शासन प्रणालीलाई सुदृढ बनाउन सरकार प्रतिबद्ध रहेको बताइन । उनले जननिर्वाचित सरकारलाई ससम्मान सत्ता हस्तान्तरण गर्ने उद्देश्यसहित निर्वाचनका तयारीलाई प्राथमिकता दिएको उल्लेख गरिन् । भेटका क्रममा पूर्वराष्ट्रपति यादवले लोकतान्त्रिक प्रणाली सुदृढ पार्ने एकमात्र बाटो निर्वाचन भएकाले कुनै पनि राजनीतिक दलले चुनावबाट पछि हट्नु नहुने धारणा राखे । उनले भने, ‘राजनीतिक दलहरू चुनावमा जानैपर्छ। लोकतन्त्रलाई अघि बढाउने सर्वोत्तम उपाय चुनाव नै हो । तपाईंहरूले निर्वाचन तयारीका लागि गरेका पहल र सबै पक्षसँगको संवादले सकारात्मक वातावरण बनाएको छ ।’ पूर्वराष्ट्रपति यादवले निर्वाचन आयोगलाई आवश्यक बजेट उपलब्ध गराएको र व्यवस्थापकीय तयारी अघि बढाइएको विषयको सराहना गर्दै नागरिक समाजसँग पनि संवाद विस्तार गर्न आग्रह गरे । उनले नागरिक समाजले पनि दलहरूलाई चुनावमा सहभागी हुन प्रोत्साहित गर्नुपर्ने बताए ।

उनले २०७० सालमा आफू राष्ट्रपति हुँदा तत्कालीन प्रधानन्यायाधीश खिलराज रेग्मी नेतृत्वको सरकारमार्फत कसरी चुनाव सम्पन्न गरिएको थियो भन्ने अनुभव पनि साझा गरे। त्यस क्रममा उनले त्यतिबेलाको सुरक्षा अवस्था, राजनीतिक चुनौती र भूराजनीतिक सन्तुलनका विषयमा पनि चर्चा गरे ।सुरक्षा व्यवस्थालाई सुदृढ बनाउन सबै सुरक्षा निकायबीच प्रभावकारी समन्वय आवश्यक रहेको उल्लेख गर्दै उनले आगामी फागुन २१ गतेका लागि तोकिएको निर्वाचनमा सबै दल सहभागी हुने विश्वास व्यक्त गरे। यादवले भने, ‘चुनावको विकल्प छैन। अब यो प्रक्रियालाई कुनै पनि बहानामा अल्झाउनु हुँदैन ।’

भेटमा अर्थमन्त्री रामेश्वर खनाल, सञ्चार तथा सूचना प्रविधिमन्त्री जगदीश खरेल लगायतका मन्त्रीहरू पनि उपस्थित थिए ।

यसअघि मंगलबारमात्र गृहमन्त्री ओमप्रकाश अर्यालले पूर्वराष्ट्रपति यादवको ललितपुरस्थित निवासमा पुगेर आगामी निर्वाचनका तयारीबारे छलफल गरेका थिए । सरकारले फागुन २१ मा हुने निर्वाचनको सफल आयोजनाका लागि विभिन्न पक्षसँग संवाद तीव्र रूपमा अघि बढाइरहेको छ ।

# नवगठित नेकपामा पदाधिकारीको उमेर हद र कार्यकाल तोकिने, २० प्रतिशत जेन्जीलाई



**काठमाडौँ ।**
विभिन्न १० वटा वामपन्थी पार्टीको एकताबाट गठन भएको ‘नेपाली कम्युनिष्ट पार्टी’ले नेतृत्व विकास र हस्तान्तरणको वैज्ञानिक विधि स्थापित गर्दै पार्टी पदाधिकारीको उमेर हद र कार्यकाल तोक्ने भएको छ ।

बुधबार आयोजित पार्टी एकता घोषणा तथा एकताको राष्ट्रिय सम्मेलनमा प्रस्तुत घोषणापत्रमा पार्टीका सबै कमिटीमा ३५ प्रतिशत महिला, २० प्रतिशत जेन्जी नवयुवा तथा युवा, १५ प्रतिशत दलित र पाँच प्रतिशत मुस्लिम समुदायबाट प्रतिनिधित्व गराइने उल्लेख छ ।

घोषणापत्रअनुसार जनवादी केन्द्रीयताको सिद्धान्तका आधारमा सामूहिक नेतृत्व एवम् व्यक्तिगत उत्तरदायित्व वहन गर्नेगरी पार्टीको निर्माण र सञ्चालन गरिनेछ भने पार्टीको रणनीतिक लक्ष्य वैज्ञानिक समाजवाद राखिएको छ । राज्यसत्ता सञ्चालनमा आमजनताको संस्थागत सहभागिता र सरकारको काममा निगरानी गर्ने व्यवस्था सुनिश्चित गरिनेछ । जनअपेक्षाअनुरूप काम नगर्ने जनप्रतिनिधिलाई प्रत्याश्वान गर्ने व्यवस्था गरिनेछ ।

पहिलो चरणमा सामान्यतः तीनखम्बे अर्थतन्त्रका रूपमा सार्वजनिक क्षेत्र, सामूहिक वा सहकारी क्षेत्र र निजी क्षेत्रमा उद्योगधन्दा विकास गरिनेछ । सार्वजनिक क्षेत्रको क्रमशः विस्तार गर्दै लगिनेछ । वित्तीय एकाधिकार तथा दलाल पुँजीवादको शोषण र हस्तक्षेपबाट मुक्त एवम् सार्वजनिक, सहकारी र निजी क्षेत्रको समन्वय, सहकार्य र गतिशील भूमिकासहितको समाजवादी अर्थतन्त्र निर्माण गरिनेछ ।

स्वदेशी कच्चापदार्थ र श्रमशक्ति प्रयोग हुने उद्योगधन्दाको व्यापक विस्तार र विकास गरी पर्याप्तमात्रामा रोजगारी सिर्जना गरिनेछ । देशको सम्पूर्ण श्रमसक्षम जनशक्तिलाई ‘योग्यताअनुसारको काम र कामअनुसारको दाम’ उपलब्ध गराउने गरी आर्थिक क्षेत्रको द्रुततर विकास गरिनेछ ।

### सार्वजनिक पदमा रहेकाको सम्पत्ति छानबिन हुने

नेपाली कम्युनिष्ट पार्टीले २३ बुँदे प्रतिबद्धतापत्र पनि सर्वसम्मत रूपमा स्वीकृत गरेको छ । नेपालको राष्ट्रिय स्वाधीनता, भौगालिक अखण्डता, स्वाभिमान र स्वतन्त्रता अक्षुण्ण राख्न दृढतापूर्वक लागिरहने, राष्ट्र र जनताप्रति इमान्दार, निष्ठावान् र समर्पित भई काम गर्ने सो पार्टीको प्रतिबद्धता छ ।

समाजवादी क्रान्ति र कार्यक्रमप्रति प्रतिबद्ध रही नेकपाले आफ्नो स्थापनाकालदेखि राख्दै आएको वैज्ञानिक समाजवाद स्थापनाको महान् लक्ष्य प्राप्त गर्ने दिशामा दृढतापूर्वक अघि बढ्ने प्रतिबद्धता व्यक्त गरिएको छ । नेपालको वर्तमान संविधानको रक्षा गर्दै शासकीयस्वरूप र निर्वाचन प्रणाली, सङ्घीयताको सवलीकरण तथा स्थानीय तह र जप्रतिनिधिको सङ्ख्या घटाउनेलगायत विषयमा पहल गर्ने सो पार्टीको प्रतिबद्धता छ ।

भ्रष्टाचार, अनियमितता र ढिलासुस्तीको अन्त गर्न तथा सुशासन, पारदर्शीता, सामाजिक न्याय र मुलुकको समृद्धिका लागि निरन्तर पहल गर्ने तथा उच्चस्तरीय अधिकारसम्पन्न सम्पत्ति जाँचबुझ आयोग गठन गरेर हालसम्म सार्वजनिक पद धारण गरेका सबै व्यक्तिको सम्पत्ति छानबिन गरी भ्रष्टाचारीलाई कडा कारबाही गराउन प्रभावकारी पहल गर्ने घोषणा गरेको छ ।

राज्यको सेवा प्रवाहलाई छिटो, छरितो र चुस्तदुरुस्त बनाउन र शिक्षा, स्वास्थ्यलगायत आधारभूत सेवा प्रवाहमा आमजनताको पहुँच स्थापित गर्न विशेष पहल गर्ने नेकपाको प्रतिबद्धता छ ।

विगतका कामको समग्र समीक्षा गरेर भएका कमी कमजोरी सच्याउँदै कार्यशैलीमा व्यापक सुधार, पुनर्गठन र रूपान्तरण गर्दै अघि बढ्ने तथा पार्टीमा आन्तरिक लोकतन्त्रको सुदृढीकरण गर्न र नेतृत्व विकास एवम् हस्तान्तरणको वैज्ञानिक विधि निर्माण गरी लागू गर्न तत्पर रहने प्रतिबद्धता पत्रमा उल्लेख छ ।

नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) र नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी), नेपाल समाजवादी पार्टी, जनसमाजवादी पार्टी नेपाल, नेपाल समाजवादी पार्टी, नेकपा (समाजवादी), नेपाल कम्युनिष्ट पार्टी, नेकपा माओवादी–समाजवादी, नेकपा (साम्यवादीलगायतका विभिन्न कम्युनिष्ट तथा समाजवादी समूहहरू एकताबद्ध भएर नेपाली कम्युनिष्ट पार्टीको घोषणा गरिएको हो । सम्मेलनबाट पार्टीको संयोजकमा पुष्पकमल दाहाल ‘प्रचण्ड’ र सहसंयोजकमा माधवकुमार नेपाल चयन भएका छन् ।

## राष्ट्रिय सङ्कट हल गर्न वामपन्थी र देशभक्त एकः दाहाल



नेपाली कम्युनिस्ट पार्टीका संयोजक पुष्पकमल दाहाल ‘प्रचण्ड’ले राष्ट्रिय सङ्कट हल गर्न वामपन्थी र देशभक्त शक्तिबीच एकता भएको बताएका छन् । नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) र एकीकृत समाजवादीसहित विभिन्न १० वामपन्थी पार्टीबीचको एकता राष्ट्रिय सम्मेलनलाई बुधवार सम्बोधन गर्दै उनले त्यस्तो सङ्कट हाल गर्न कम्युनिष्ट पार्टी एक भएर अभियान चलाउन लागिएको बताए ।

‘पार्टी एकताले नयाँ राष्ट्रिय एकताको आधार तयार गरेको छ’, उनले भने । विगतको कमजोरी सच्याउनुको विकल्प नभएको उल्लेख गर्दै संयोजक दाहालले पार्टी नेता र कार्यकर्ताको सुझावका आधारमा पार्टी सञ्चालन गरिने प्रतिबद्धता गरे । कम्युनिष्ट आन्दोलनलाई ध्रुवीकृत गर्ने अभियान सञ्चालन गरिने उद्घोष गर्दै उनले राष्ट्र र लोकतन्त्रको रक्षार्थ कम्युनिस्ट, लोकतन्त्रवादी र राष्ट्रवादी शक्तिसँग हातेमालो गर्नुपर्ने बताए ।

नेपाली कम्युनिस्ट पार्टीलाई देशको १ नम्बर पार्टी बन्न कसैले रोक्न नसक्ने जिकिर गर्दै उनले देशभर एकता घोषणा अभियान र चुनावी गतिविधि सञ्चालन गरिने बताए ।

आजको दिनलाई कम्युनिस्ट आन्दोलनले कहिल्यै नबिर्सने उल्लेख गर्दै संयोजक दाहालले भने, ‘सम्भवतः १० वटा घटकहरू एकैदिन मिलेको दिन सबै आ–आफ्नो ठाउँमा वैचारिक सङ्घर्षबाट गुज्रेका नेताबाट भएको यो एकता साँच्चै अभूतपूर्व छ ।’रासस

## पार्टी जनताको आशा र भरोसाको केन्द्रः नेपाल

नेपाली कम्युनिस्ट पार्टीका सहसंयोजक माधवकुमार नेपालले नवगठित पार्टी नेपालको कम्युनिस्ट आन्दोलनको मूल प्रवाह र जनताको आशा र भरोसाको केन्द्र बनेको बताएका छन् ।

नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) र एकीकृत समाजवादीसहित विभिन्न १० वामपन्थी पार्टीबीचको एकता राष्ट्रिय सम्मेलनलाई बुधबार सम्बोधन गर्दै उनले जनताको मन र विश्वास जित्ने तथा देशको समस्या समाधान गर्न यो पार्टी अघि बढ्ने बताए ।

सहसंयोजक नेपालले भने, ‘आज हामीले एतिहासिक काम सम्पन्न र एतिहासिक सुरुवात गरेको छौँ । यसले सिङ्गो नेपाली राजनीतिमा तरङ्ग पैदा गर्नेछ । नेपाली जनताको आशा र भरोसाको केन्द्र बन्नेछ ।’ मुलुक अहिले असाधारण परिस्थितिबाट गुज्रिरहेको उल्लेख गर्दै उनले मुलुकका समस्या समाधान गर्न अन्य वामपन्थी शक्तिलाई एकतामा आउन आह्वान गरे ।

‘ढिला नगर्नुस्, जनताको भावना र समयको महत्त्व बुझ्नुस्, आउनुहोस्, एकताबद्ध भएर अघि बढ्ने निर्णय गरौँ,’ सहसंयोजक नेपालले भने ।

कम्युनिष्ट पार्टीको अगुवाइमा पञ्चायत र राजतन्त्र अन्य गरिएको, जनप्रतिनिधिबाट संविधान बनाइएको उल्लेख गर्दै उनले कम्युनिस्ट पार्टीको उपादेयता नसकिएको जिकिर गरे ।

‘नेपाली राजनीतिमा इमान्दारिताको अभाव छ, आफ्नो व्यवहारबाट जनताको मन जित्नुपर्छ’, उनले भने, ‘मुलुक र जनताले भोग्नु परेको समस्या हल गर्न ध्यान केन्द्रित गर्नुपर्छ ।’

अब कमीकमजोरी स्वीकार्दै जनतामा नयाँ आशा, विश्वास र सङ्कल्प जगाउन सक्नुपर्नेमा जोड दिँदै सहसंयोजक नेपालले त्यसदिशामा नेपाली कम्युनिस्ट पार्टी सफल हुने बताए ।रासस

# क्रान्तिका नायक प्रचण्डः महिन्द्र राय यादव

नेपाल समाजवादी पार्टी (नेसपा) का अध्यक्ष महिन्द्र राय यादवले नेकपा (माओवादी केन्द्र)का अध्यक्ष तथा प्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’लाई नेपाली क्रान्तिका नायकका रूपमा वर्णन गरेका छन्् ।

बुधबार भृकुटीमण्डपमा आयोजित दस दलबीचको एकता घोषणा सभामा बोल्दै यादवले देशलाई निकास दिन प्रचण्ड सक्षम नेताका रूपमा रहेको विश्वास व्यक्त गरे। उनले भने, ‘क्रान्तिको नायक प्रचण्ड हुन् । माओवादीको चुनाव चिन्हमा विश्वासका साथ म चुनाव लडें । जेन्जी आन्दोलनका समयमा म प्रचण्ड र माधवसँगै थिएँ—त्यो बेला मैले एमाले देखिनँ, कांग्रेस देखिनँ, मैले प्रचण्ड र माधवलाई देखें । उहाँहरूले बिहान चार बजेसम्म सक्रिय भएर मुलुकलाई निकास दिनुभयो, त्यसैले म विश्वस्त छु—उहाँले फेरि पनि निकास दिनुहुन्छ ।’

नेता यादवले नेपाली कम्युनिस्ट आन्दोलनको मूल समस्या आन्तरिक लोकतन्त्रको अभाव भएको उल्लेख गर्दै, अब हुने पार्टी एकताले त्यो कमजोरी हटाउने विश्वास व्यक्त गरे । उनले भने, ‘एकतापछि आन्तरिक लोकतन्त्र बलियो बनाउनेतर्फ ध्यान दिनुपर्छ, सबै प्रकारका विभेद अन्त्य गर्नुपर्छ ।’

प्रचण्डले माओवादी केन्द्रको साँघुरो परिधीबाट बाहिर निस्केर फराकिलो राष्ट्रिय एकताको मार्गमा अघि बढेको भन्दै यादवले त्यस निर्णयप्रति खुशी प्रकट गरे ।

झाँक्रीको समूह एकीकरण प्रक्रियामा सहभागी नहुने

नेकपा (एकीकृत समाजवादी) की स्थायी कमिटी सदस्य रामकुमारी झाँक्रीले नेकपा (माओवादी केन्द्र) सहितका १० वाम दलबीच भइरहेको एकता प्रक्रियामा आफूहरूको समूह सहभागी नहुने स्पष्ट गरेकी छन्् ।

बुधबार काठमाडौँमा आयोजित पत्रकार सम्मेलनमा नेत्री झाँक्री र विघटित प्रतिनिधिसभाका सदस्य किसान श्रेष्ठले पार्टीको आधिकारिक निर्णय एकताको पक्षमा भए पनि आफूहरू व्यक्तिगत रूपमा उक्त प्रक्रियामा नजाने घोषणा गरे ।

झाँक्रीले एकता र विभाजनका शर्त स्पष्ट हुनुपर्नेमा जोड दिँदै भनिन्, ‘एकता गर्नुभन्दा पहिले गन्तव्य र सिद्धान्त स्पष्ट हुनुपर्छ । हामी सिद्धान्त र कार्यक्रम मिल्ने शक्तिसँग मात्रै सहकार्य गर्न तयार छौं ।’

त्यस्तै, नेता किसान श्रेष्ठले नेकपा (एमाले) ले पुरानै घरमा फर्कन आग्रह गरिरहेको उल्लेख गर्दै आफू निशर्त रूपमा एमालेमा फर्कन चाहेको बताए ।

पत्रकार सम्मेलनमा एकीकृत समाजवादीका नेता पीताम्बर तिमिल्सनासहित अन्य नेताहरूको पनि उपस्थिति थियो ।

झाँक्री र श्रेष्ठले सो जानकारी नेकपा (माओवादी केन्द्र) र नेकपा (एकीकृत समाजवादी) लगायतका दलहरूबीच आज हुने एकता घोषणाको पूर्वसन्ध्यामा दिएका हुन् ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्क: वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालय: जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्ष: ध्रुव साह, सम्पादक: रामकुमार एलन